# अध्याय एक

# शोधको परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको सशक्त माध्यम हो । समाजमा घटित हुने सम्पूर्ण ज्ञान विज्ञान तथा क्रियाकलापहरू भाषामा नै आधारित हुन्छन् । मानव हृदयमा सिर्जित भावको अभिव्यक्ति मानवहरू बीच विचारहरूको प्रकटीकरण तथा सिर्जनात्मकताको प्रस्तुतीकरणको माध्यम भाषा नै हो । भाषाको कथ्य र लेख्य रूपबाट विचारको विनिमय गर्ने गरिन्छ । वास्तवमा भाषाले मानिसका आवश्यकता परिपूर्ति गर्नका साथै मानिसलाई जुनसुकै ठाउँमा समायोजन हुनका निम्ति पनि भाषाका नितान्त आवश्यकता रहेको छ । भाषा विना हाम्रो जीवन अपुरो र अधुरो नै रहन्छ । मान्छेमा रहेका इच्छा चाहनाहरू व्यक्त गर्नका निम्ति पनि भाषा नै आवश्यक छ । यति महत्त्वपूर्ण वस्तु भाषा पनि समयको परिवर्तनसँगै परिवर्तन हुँदै जान्छ । संसारमा मानिसले धेरै प्रकारका भाषा बोल्ने गर्दछन् । ती सबै भाषाको आ-आफ्नो महत्त्व भए तापनि नेपालमा सरकारी कामकाजको भाषाका रूपमा रहेको नेपाली भाषाको उत्पत्ति प्राचीन कालबाट नै भए तापनि पाठ्यपुस्तक प्रयोगको इतिहास त्यति लामो छैन । वि.सं. १९५८ मा जयपृथ्वीबहादुर सिंहको ‘अक्षराङ्क शिक्षा’ नामक पाठ्यपुस्तक प्रकाशन गरेका थिए । जुन समयमा मानिसमा शैक्षिक जनचेतना थिएन भने निजी क्षेत्रमा विद्यालय सञ्चालन र पाठ्यपुस्तक प्रकाशन गर्ने व्यवस्थाको त कुराको कल्पना नै थिएन ।

समयको गति परिवर्तनसँगै मानिसमा आएको परिवर्तनको सोचले गर्दा मानिसका अनेकौं आवश्यकताहरू थुप्रिँदै गए सोही कारणले मानिसमा शिक्षाको खाँचो महसुस गर्दै अन्धकारलाई चिर्न र हावाहुरीलाई छेक्नका निम्ति राणा शासन अन्त्य भएर प्रजातन्त्रको आगमन पश्चात् मानिसले प्रत्यक्ष रूपमा शिक्षाको महत्त्व बुझेर शिक्षा लिने र विद्यालय खोल्ने क्रम बढ्न थाल्यो । त्यसपछि नेपालमा दुई धारको शिक्षा प्रणालीको सुरुवात भयो । त्यसपछि नेपालमा विद्यालय खोल्ने क्रम बढ्न थाल्यो । त्यसपछि निजी क्षेत्रमा पनि अन्य पाठ्यपुस्तकसँगै भाषा पाठ्यपुस्तक पनि प्रकाशन हुन थाले । लचिलो शिक्षा नीति भएकाले निजि विद्यालयमा पढाइ हुने पुस्तकहरू अनेकौं प्रकाशनका अनेकौं नाम भएका (जस्तै

वैखरी, नेपाली भाषा बगैंचा, रसिलो नेपाली, सजिलो नेपाली, सुनगाभा आदि जस्ता) पाठ्यपुस्तकहरू पठनपाठन हुन थाले ।

सामुदायिक विद्यालय र निजी विद्यालयका एउटै तहमा फरक-फरक पाठ्यपुस्तक पठनपाठन हुन थाल्यो तर फरक-फरक पाठ्यपुस्तक पठनपाठन भए तापनि नेपाली भाषाको विकासमा भने दुवै क्षेत्रका पुस्तकले अतुलनीय सहयोग पुऱ्याएको पाइन्छ ।

यसरी एउटै तहको एउटै कक्षामा भाषिक सीपको विकास गर्ने प्रयोजनमा शिक्षण भएका एउटै विषयका अलग प्रकाशनका किताबहरूको तुलना गरी दुवैका सबल र दुर्बल पक्षहरू केलाएर दुईबीचका भिन्नताको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर द्वितीय वर्ष नेपा.शि. ५९८ पाठ्यांशको परिपूर्तिका निम्ति विभिन्न शीर्षकमा थुप्रै तुलनात्मक अध्ययन भएको परिप्रेक्ष्यमा त्यसलाई आधार बनाएर प्रस्तुत कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलना शीर्षक शोधपत्र तयार पारिएको छ ।

नेपाल सरकार, शिक्षा मन्त्रालय, शिक्षा विभागअन्तर्गतको पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा छको नेपाली पाठ्यपुस्तक (२०७२) देशभरका सामुदायिक विद्यालयहरूमा प्रयोगयुक्त र नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा स्वीकृति प्राप्त ओएसिस पब्लिकेशन प्रा.लि. अनामनगर काठमाडौँद्वारा प्रकाशित वैखरी भाषिक उद्देश्य एउटै भए तापनि पाठ्यवस्तुको क्रम त्यसमा पाइने भिन्नताको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

शोधका लागि समस्या प्रथम शर्त हो । अतः समस्यालाई पूर्ण परिभाषित नगरेसम्म शोध प्रक्रिया अगाडि बढ्न सक्दैन । त्यसैले नेपाली भाषा शिक्षणका क्षेत्रमा विद्यालय तहदेखि नै बालबालिकामा भाषिक सीपको विकास गराउनुपर्छ । बालबालिकामा चारै सीप सुनाइ, बोलाइ, पढाइ, लेखाइ मध्य एउटै मात्र सीपको कमी भएमा शिक्षण सिकाइ प्रभावकारी बन्न सक्दैन । त्यसैले शिक्षण सिकाइलाई प्रभावकारी तथा उद्देश्यपूर्ण बनाउनका निम्ति पाठ्यक्रमले विद्यार्थीको रुचि, चाहना, क्षमता र आवश्यकतालाई समेट्न सक्नुपर्छ । नेपाली भाषाको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका निम्ति विद्यार्थीलाई अनेक

तत्त्वले प्रभाव पार्ने गर्दछ, जस्तैः उमेर, अभ्यास, वातावरण, दोस्रो भाषाको प्रभाव, लिङ्ग आदिले प्रभाव पर्ने गर्दछ। त्यसकारण सिकाइ उपलब्धि सही रूपमा हासिल गर्नका निम्ति विद्यार्थीको रुचि, चाहना, क्षमता र आवश्यकतालाई पाठ्यपुस्तकमा पाठ्यक्रमले समेटेको छ वा छैन ?

त्यसैगरी नेपालमा पाठशाला संस्थागत र सामुदायिक भए तापनि पाठ्यपुस्तकमा तालमेल मिलेको छ वा छैन कक्षागत यसरी पनि अध्ययन गर्न सकिन्छ। उद्देश्य भाषिक संरचना वाक्यगत तत्त्व र भाषागत तथा शैली स्तरीयता सरलताबाट जटिलता, समसामयिकता के कसरी प्रस्तुत भएको छ भनेर तुलनात्मक अध्ययन गरिएको छ।

यसरी संस्थागत र सामुदायिक विद्यालय कक्षा छमा रहेको एउटै तहका एउटै कक्षाका दुई नेपाली भाषा पाठ्यपुस्तकबीचको (नेपाली र वैखरी) तुलनात्मक अध्ययन गर्न निम्न समस्याहरूलाई आधार मानिएको छ :

क) उक्त पाठ्यपुस्तकहरूका आन्तरिक र बाह्य विशेषता के कस्ता छन् ?

ख) आन्तरिक र बाह्य पक्षमा के कस्ता समानता र भिन्नता रहेका छन् ?

ग) उक्त पाठ्यपुस्तकमा के कस्ता सबल र दुर्बल पक्षहरू रहेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

यहाँ प्रस्तुत गर्न लागिएको कक्षा छको नेपाली र वैखरीको तुलनात्मक अध्ययन गर्नुको उद्देश्य निम्न रहेका छन् :

क) आन्तरिक र बाह्य आधारमा कक्षा छको नेपाली र वैखरीको तुलनात्मक अध्ययन गर्नु,

ख) आन्तरिक र बाह्य आधारमा उक्त भाषा पाठ्यपुस्तकमा पाइने समानता र भिन्नता पत्ता लगाउनु,

ग) उक्त पाठ्यपुस्तकका सबल र दुर्बल पक्ष पत्ता लगाउनु।

## १.४ अध्ययनको औचित्य

उपयोगिता बिनाको शोधकार्य परिणाममुखी र उपलब्धिमूलक नहुने भएका हुनाले यहाँ कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको शोध शीर्षकका रूपमा रहेको शोध कार्य आफैँमा जटिल कार्य हो तर अध्ययनका लागि औचित्यपूर्ण छ किनभने एउटै विषयका कक्षाका दुई भिन्न पाठ्यपुस्तकमा के कस्ता समानता र भिन्नताहरू रहेका छन् भन्ने कुरालाई यस अध्ययनले प्रष्ट पार्ने हुँदा तयार पार्न लागिएको शोधको विषयवस्तु र शीर्षक औचित्यपूर्ण छ ।

यस अनुसन्धानले सम्बन्धित क्षेत्रमा कार्य गर्ने सरोकारवाला व्यक्तिहरूलाई, सङ्घ, संस्थाहरूलाई नीति निर्माता, पाठ्यक्रम निर्माता पाठ्यपुस्तक सम्पादक लगायत शिक्षक, विद्यार्थी, अभिभावक आ-आफ्नो क्षेत्रमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। पाठ्यपुस्तकको तुलना गर्न र सम्बन्धित विषयमा भावी अनुसन्धान गर्न इच्छुक व्यक्तिलाई आधार सामग्रीका रूपमा सहयोगी भएको छ। अर्कातर्फ विषय विशेषज्ञहरूलाई सुधार गर्ने आधारका साथै भाषा पाठ्यपुस्तकको महत्त्व बुझी त्यसैअनुरूप शिक्षण गर्न पनि यस अध्ययनको औचित्य रहेको देखिन्छ। यसरी माथि उल्लिखित विभिन्न पक्षमा आधारित भएर यस अध्ययनको औचित्य पुष्टि गर्न सकिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधको क्षेत्र र सीमा स्पष्ट भएमा मात्र शोध कार्य प्रभावकारी र व्यवस्थित हुने भएको कारण यस अध्ययनका उद्देश्य परिपूर्ति गर्नका निम्ति प्रस्तुत गरिएको कक्षा छको वैखरी र नेपालीको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्रलाई निम्न क्षेत्रमा सीमित गरिएको छ :

क) प्रस्तुत अध्ययन नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा प्रकाशित कक्षा छको नेपाली (दोस्रो संस्करण, २०७२) र ओएसिस पब्लिकेशनद्वारा प्रकाशित कक्षा छको वैखरी (प्रथम संस्करण, २०७२)मा आधारित भएर तुलनात्मक अध्ययन गरिएको छ ।

ख) दुई पाठ्यपुस्तक अन्तर्गत आन्तरिक र बाह्य पक्षका विशेषतामा आधारित भई अध्ययन गरिएको छ ।

ग) आन्तरिक विशेषताअन्तर्गत विधाको छनोट तथा प्रस्तुति, भाषाशैली, शब्दभण्डार, नमुना अभ्यास र चित्र शब्दसूची, सन्दर्भ सूची, सङ्केतका आधारमा अध्ययन गरिएको छ ।

घ) बाह्य विशेषता आवरण, आकार प्रकार, कागजको गुणस्तर र अक्षरको आकार र ठाउँ छोडाइ, छपाइ र बँधाइ मूल्य सुलभताको आधारमा अध्ययन गरिएको छ ।

ङ) उक्त पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षका समानता र भिन्नताको तुलनात्मक अध्ययनसँग सम्बन्धित रहेको छ ।

च) उक्त दुई प्रकृतिका पाठ्यपुस्तकको अध्ययन विश्लेषणबाट प्राप्त सबल र दुर्बल पक्षसँग सम्बन्धित रहेको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोध अध्ययनलाई निम्नानुसार अध्यायमा विभाजन गरी पूर्णता दिइएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोध विधि र प्रक्रिया

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थ सूची

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान गर्नुभन्दा पहिले विगतमा त्यससँग सम्बन्धी भएका अध्ययनको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । बिहानीले दिनको सङ्केत गर्छ भनेझैँ विगतले नै वर्तमानलाई अगाडि बढाउन उत्साहित गर्ने भएकाले प्रस्तुत अनुसन्धानलाई उद्देश्यमूलक बनाई सही मार्गमा डोहोऱ्याउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धित पूर्व अध्ययनको अध्येताहरू मार्फत विभिन्न कक्षाका नेपाली पाठ्यपुस्तकको अध्ययन अनुसन्धान भएको पाइन्छ ।

नेपालमा वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापनापछि वि.सं. २०३९ देखि मानविकी तथा समाज शास्त्र र वि.सं. २०४१ सालदेखि शिक्षा शास्त्र सङ्काय मार्फत नेपाली भाषाका विविध क्षेत्रमा शोधकार्यहरू भएको देखिन्छ । एम्.एड्. नेपाली उपाधिका लागि हालसम्म भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक बाल साहित्य, व्यतिरेकी विश्लेषण, त्रुटि विश्लेषण, शब्दभण्डार, शिक्षण सामग्री, भाषिक मूल्याङ्न, शैली विज्ञान आदि विविध विषयमा धेरै अनुसन्धान गरेका छन् ।

सुवेदी (२०६०) द्वारा प्रस्तुत **कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र पाठ्यपुस्तक निर्माणका आधारहरूमा रही दुई पुस्तकहरूबीच तुलना गरिएको छ। प्रस्तुत शोधपत्रमा पुस्तकालयीय विधिद्वारा सामग्री सङ्कलन गरी सङ्कलित सामग्रीलाई तुलनात्मक विधिद्वारा विश्लेषण गरिएको पाइन्छ। यस अध्ययनमा नेपाली किताब सजिलो नेपाली मालाभन्दा पाठ्यक्रम अनुरूप रहेको र भाषिक सीपहरूको संयोजनमा पनि सजिलो नेपालीमालाभन्दा उपयुक्त रहेको तथा प्राज्ञिक पक्षमा मेरो नेपाली माला राम्रो र भौतिक पक्षमा सजिलो नेपाली माला राम्रो रहेको भनिएको छ। तर, विद्यार्थीको मनोवैज्ञानिक पक्षलाई भने दुवै पाठ्यपुस्तकले बेवास्ता गरी यान्त्रीकतातर्फ उन्मुख भएको निचोड निकालिएको छ।

बराल (२०६१) द्वारा **कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र पुस्तकालयीय विधिद्वारा तयार पारिएको देखिन्छ। प्रस्तुत

शोधपत्रमा दुई पाठ्यपुस्तकबीच पाठ्यपुस्तक निर्माणका आधारमा रहेर तुलना गरिएको छ, जसमा पाठ्यक्रम, विषयवस्तु, शब्दभण्डार तथा भाषिक संरचना, नमुना अभ्यासलाई लिएर अध्ययन, विश्लेषण गरिएको देखिन्छ । जस अनुसार महेन्द्रमालामा भाषाका चारैवटा सीप नसमेटिएको, सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने, मनोरञ्जन दिने र विद्यार्थीलाई सक्रिय पार्ने अभ्यासहरू नभएको तर भाषिक सीप, बालमनोविज्ञान, प्रस्तुतीकरण शैली, सिर्जनात्मक अभ्यासका हिसाबले महेन्द्रमालाभन्दा हाम्रो नेपाली किताब उपयुक्त रहेको साथै विधागत सन्तुलन र पाठ्यपुस्तक निर्माणका सैद्धान्तिक आधारमा पनि महेन्द्रमालाभन्दा हाम्रो नेपाली किताब नै उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

कोइराला (२०६५) द्वारा **कक्षा दुईको सजिलो नेपाली माला नयाँ नेपाली शृङ्खला र हाम्रो नेपाली भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययन** नामक शोधपत्रमा तीनै भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुसार नमिलाइएको, छनोट र स्तरणमा ख्याल नगरिएको कठिन शब्दहरूको प्रयोग गरिएको, सिर्जनात्मक अभ्यासहरूको कम प्रयोग गरिएको, अभ्यासको वितरणमा तालमेल नमिलेको कुरा प्रष्ट पारिएको छ ।

काफ्ले (२०७२) द्वारा **कक्षा सातको नेपाली र रसिलो नेपालीको तुलना** शीर्षकको शोधपत्रबाट बाह्य, भौतिक पक्षका आवरण, कागजको गुणस्तर, मसीको प्रयोग, छपाइ, बँधाइ जस्ता विशेषताहरू रसिलो नेपालीमा उपयुक्त भएको देखिन्छ । सबै पाठ्यपुस्तकको कथा विधाको पाठहरूका आधिक्यता रहेको छ भने नेपाली पाठ्यपुस्तकमा रहेको शोध अनुसन्धानमा तालिका सूचीपत्र टिपोटपत्र प्रश्नावली आदि साधनबाट सङ्कलन गरिएको असाङ्ख्यिक तथ्याङ्कहरूलाई पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षका अध्ययन तुलानत्मक विधिद्वारा विश्लेषण गरेको पाइन्छ । नेपाली पाठ्यपुस्तकमा बढी मात्रामा कठिन शब्दहरूको अर्थ दिएको, सुनाइ सीप सम्बन्धी अभ्यास दुवै पाठ्यपुस्तकमा निकै कम रहेको र दुवैमा लेखाइ सीपलाई जोड दिइएको निष्कर्ष पाइन्छ ।

यसरी भाषा पाठ्यपुस्तकको तुलनात्मक अध्ययनमाथि उल्लिखित शीर्षकमा आधारित भएको पाइए पनि प्रस्तुत शीर्षकको यो अध्ययन प्रारम्भिक रूपमा गर्न लागिएको छ । हालसम्म नभएको पाइएकाले यस शोधकार्यमा शोधार्थीलाई पूर्वकार्यले अध्ययनीय पक्षको सैद्धान्तिक आधार प्रदान गरेको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक अवधारणा

### परिचय

सामान्यतया पुस्तक र पाठ्यपुस्तक उस्तै लागे पनि दुवै समान होइनन् । पुस्तक र पाठ्यपुस्तकबीच भिन्नता छ । पुस्तक कुनै निश्चित तह र उद्देश्यमा आधारित हुँदैन । पुस्तकभित्र कुनै एक विषय मात्र समावेश हुनुपर्दछ भन्ने छैन्न । पुस्तकहरू शिक्षण प्रयोजनका निम्ति उपयोगी नै हुनुपर्दछ भन्ने छैन । पुस्तकभित्र अभ्यास, पुनारावृत्ति, गृहकार्य गराउन सहयोगी खालका कुराहरू हुनुपर्दछ भन्ने छैन । पाठ्यपुस्तक भनेको पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य तथा उद्देश्यहरूसम्म पुग्न आवश्यक शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने लिखित दस्तावेजलाई पाठ्यपुस्तक भनिन्छ । जुन पाठ्यक्रमबाट नै निर्दिष्टि हुन्छ । विद्यार्थीलाई सम्बन्धित विषयमा गृहकार्य गर्न, अभ्यास गर्न तथा पुनरावृत्ति गर्नका निम्ति आवश्यक सहयोगी शैक्षिक सामग्री पाठ्यपुस्तक हो । विद्यार्थीको स्तर, क्षमता र अभिव्यक्ति सीपलाई सफल पार्न पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुहरू रोचक हुनुका साथै पाठ्यक्रम अनुरूप तह र स्तर मिल्दो हुनुपर्छ । भाषा पाठ्यपुस्तकले भाषिक सीप र ज्ञानको विकास गराउने उद्देश्यले निर्माण गरिएको हुन्छ ।

### पाठ्यपुस्तकका केही परिभाषाहरू

कुनै पाठ्यांशका लागि आधारभूत सामग्रीका रूपमा पाठ्यपुस्तक रहेको हुन्छ । यसमा निश्चित विषयवस्तुहरूलाई निश्चित तहमा शिक्षण गर्ने किसिमले व्यवस्थित ढङ्गले समावेश गरिएको हुन्छ ।

सामान्यतः पाठ्यपुस्तक प्रारम्भिक तहका शिक्षार्थीहरूका लागि लेखिन्छ । कुनै पाठ्यांशका विधिन्न एकाइहरूको शिक्षण एकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने ध्येयले पाठ्यपुस्तकको रचना गरिन्छ ।

नेपाली बृहत् शब्दकोश २०५२ को पृष्ठ सङ्ख्या ८१० मा पाठ्यपुस्तकलाई “विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूलाई औपचारिक तवरले पढाउने पुस्तक” भनी उल्लेख गरिएको छ ।

उपर्युक्त परिभाषाबाट निष्कर्षमा के भन्न सकिन्छ भने पाठ्यपुस्तक भन्नाले विद्यार्थीहरूले गहन रूपमा अभ्ययन गर्ने पुस्तक हो । पाठ्यक्रम अनुरूप तयार गरिएको शिक्षण सिकाइमा

प्रयोग हुने सुलभ भरपर्दो र आधिकारिक साधन हो। पाठ्यपुस्तक शिक्षक विद्यार्थी दुवैका निम्ति कक्षमा प्रस्तुत हुने आधिकारिक सामग्री मानिन्छ।

भाषा पाठ्यपुस्तकमा त उसले प्रत्येक शब्दलाई नै हृदयगम गर्नु पर्ने हुन्छ। भाषा पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकसँग विधागत प्रस्तुती, अभिव्यक्तिगत प्रस्तुती (वस्तुपरक र भावपरक), विषयवस्तुपरक प्रस्तुति र अभ्यासको प्रस्तुति आदिका दृष्टिले भिन्न प्रकृतिका हुन्छन्।

विद्यार्थी, शिक्षक र प्रशासन तिनै एकाइका निम्ति पाठ्यपुस्तक उपयोगी हुन्छ। भाषा पाठ्यपुस्तक र भाषा पाठ्यक्रमको मर्मअनुसार तयार गरिन्छ। भाषाका पाठ्यांशहरूलाई मनोवैज्ञानिक एवम् शैक्षणिक आधारमा शिक्षकले योजनाबद्ध शिक्षण गर्दछन् भने विद्यार्थीले भाषिक अभ्यास गर्दछन्। अतः भाषा पाठ्यक्रमको मर्म भावनाअनुसार निश्चित तह र कक्षाका लागि भाषिक ज्ञान, सीप र व्याकरणका आधारभूत तत्त्व सिकाउने उद्देश्यले विद्यार्थीको योग्यता, क्षमता र आवश्यकता अनुसार विशेषज्ञद्वारा निर्धारित पाठ्यांशहरू समावेश गरी तयार पारिएको मुख्य पाठ्यसामग्री नै पाठ्यपुस्तक हो।

### २.२.१ बाह्य भौतिक आधार

परिधीय विशेषताहरू भन्नाले पाठ्यपुस्तकको बाह्य प्रकृति कस्तो हुने भन्ने बुझिन्छ। पाठ्यपुस्तकमा के कस्ता भौतिक विशेषताहरू रहनु पर्दछ भन्ने कुरालाई पाठ्यपुस्तकको परिधीय विशेषताले समेट्दछ। यस अन्तर्गत पाठ्यपुस्तकको बनोट, अक्षरको आकार र ठाउँ छोडाइ, कागजको स्तर, मूल्य, सुलभता, विषय सूची आदि पर्दछन्। यस आधारमा पाठ्यपुस्तकहरूका बाह्य विशेषताहरू पहिल्याउन सकिन्छ। पाठ्यपुस्तकको बाह्य आधारअन्तर्गत निम्न पक्षहरूको अध्ययन गरिएको छ। बाह्य स्वरूप हुनुपर्ने गुणहरू तुलना गर्न लागिएको छ वा छैन सोको खोजी गरिने।

#### २.२.१.१ आवरण वा बनोट

पाठ्यपुस्तकको बाहिरी साजसज्जा पढूँ पढूँ लाग्ने हुनुपर्दछ। भाषा पाठ्यपुस्तकको बाहिरी पृष्ठले पाठ्यवस्तुलाई सङ्केत गर्ने प्रकारको हुनाका साथै आकर्षक रङ्ग र बाक्लो कागजमा हुनुपर्दछ। यसले विद्यार्थीलाई पाठ्यपुस्तकप्रति केन्द्रित थर्न सहयोग पुऱ्याउँछ। साठ्यपुस्तकको आवरण पृष्ठ पाठ्यवस्तुको विषयवस्तु र त्यसको उद्देश्य झल्कने खालको हुनुपर्दछ। असम्बन्धित प्रकृतिको आवरण पृष्ठ राखिनु उपयुक्त हुँदैन। त्यसैगरी भाषा

पाठ्यपुस्तकको आकार साना विद्यार्थीहरूका लागि ठूलो र ठूला कक्षाहरूका लागि डिमाइ आकारको हुनु उपयुक्त हुन्छ। त्यसैले पाठ्यपुस्तकको आवरण बाह्य सौन्दर्य र भित्री सुन्दरता जोगाउन महत्त्वपूर्ण भूमिका खेल्ने कागज हो। जसले यो आकर्षक बाक्लो र बलियो साथै उचित रङ्गको हुनु र प्रतिबिम्वित चित्र रहनुपर्छ।

### २.२.१.२ कागजको गुणस्तर

पाठ्यपुस्तक निर्माण गर्दा कागजको गुणस्तर ख्याल गर्नुपर्छ। सबै पक्ष राम्रो भएर पनि कागजको गुणस्तर फरक भएर कागजको गुणस्तर छैन भने त्यसबाट प्राप्त हुनुपर्ने सबै उद्देश्यहरू पूरा गर्न सकिँदैन। त्यसैले कागज सेतो, चिल्लो, बाक्लो साथै हेर्दा आकर्षक हुनु राम्रो मानिन्छ। यस्तो भएमा चाँडै च्यातिने, दोब्रिने, भाँचिने, अक्षर छापिने र पल्टाएको ठाउँमा नअडिने समस्या कम हुन सक्छ। प्राथमिक कक्षाका लागि तयार हुने पाठ्यपुस्तकको कागज माथिल्लो कक्षाका लागि प्रयोग हुने कागजका तुलनामा राम्रो र बलियो हुनु पर्दछ।

### २.२.१.३ छपाइ र बँधाइ

भाषा पाठ्यपुस्तकमा छपाइको महत्त्व निकै ठूलो छ। छपाइमा प्रयोग हुने मसी, शीर्षक, उपशीर्षक, पाठ तथा अभ्यासमा प्रयोग हुने अक्षरका आकारले पाठ्यपुस्तकको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। पाठ्यपुस्तक छाप्दा उपयुक्त छपाइ र बँधाइ हुनु आवश्यक छ। छपाइका लागि किताबको प्रकृति, तह र स्तरअनुसार गुणस्तरीय मसीको प्रयोग उचित संयोजन हुनु आवश्यक हुन्छ। बँधाइका लागि बलियो मजबुत साथै कुशल प्रयोगमा ध्यान दिनुपर्छ। स्टेपलरको प्रयोग गर्दा खिया लागेर उक्किने सम्भावना हुने हुँदा गम टाँस्न तथा धागोले बाँध्न वा सिलाइ गर्नु पर्दछ र सिलाइ गर्दा दायाँ बायाँ अक्षर नछोपिने गरी ठाउँ छोडेर गर्नुपर्दछ।

पाठ्य पुस्तकको बँधाइ बलियो धागोदद्वारा हुनु पर्दछ। बँधाइ गर्दा पानाहरू पूरा पल्टाउन सकिने हुनु आवश्यक छ। प्राथमिक कक्षाको बँधाइमा कडा कागजको प्रयोग आवश्यक छ भने माथिल्लो कक्षाका लागि पातलो कागज भए पनि पुग्दछ।

### २.२.१.४ अक्षरको आकार र ठाउँ छोडाइ

विभिन्न तह र उमेरका बालबालिकाका निम्ति तयार गरिने पाठ्यपुस्तकमा प्रयोग हुने अक्षरको आकार र ठाउँ छोडाइमा समेत भिन्नता हुन्छ। प्राथमिक तहका पाठ्यपुस्तकहरूको अक्षर आकर कक्षा १, २ र ३ मा क्रमशः ६० प्वाइन्ट, २४-३६ प्वाइन्ट र १६ प्वाइन्टको

हुनुपर्दछ भने कक्षा ४ र ५ मा १४ प्वाइन्टका अक्षरहरू हुनु उपयुक्त ठानिन्छ माथिल्लो कक्षाहरूमा सामान्यतयाः १२ प्वाइन्टको अक्षर राखिनु उपयुक्त हुन्छ। भाषा पाठ्यपुस्तकमा हुने पङ्क्तिबीचको अन्तर सामान्तया सुरुको कक्षामा आधा इन्च र माथिल्लो कक्षाहरूका लागि १/४ इन्च हुनु आवश्यक देखिन्छ। पाठ्यपुस्तकमा अक्षराकार र अक्षर-अक्षरबीचको ठाउँ छोडाइमा विशेष ध्यान दिनुपर्छ। तहअनुसारका र अक्षरका तलमाथि वरपर छोडाइ उचित भएमा हेर्दा आकर्षक र पढ्दा स्पष्ट सहज रूपमा बुझिने हुन्छ।

### २.२.१.५ मूल्य र सुलभता

जुनसुकै पुस्तकमा पनि पाठक, ग्राहकको ध्यान सबैभन्दा पहिला मूल्यमा नै जान्छ। अझ विद्यालयमा पठनपाठन हुने पाठ्यपुस्तकहरूको कम मूल भएको खण्डमा सबै मानिसहरूको पहुँच पुग्न सक्छ। यसमा पनि मूल्य मात्र सस्तो भएर हुँदैन। हरेक आवश्यक ठाउँमा अनिवार्य रूपमा समयमा नै वितरण भए मात्रै यसको सही प्रयोग गर्न सकिन्छ। जसका लागि पुस्तक छापिन्छ उसैले उचित समयमा पढ्न पाएन भने त्यसको महत्त्व रहँदैन। विद्यालयमा पढाइ हुने पाठ्यपुस्तक शैक्षिकसत्र सुरु हुनुभन्दा अगाडि सम्बन्धित ठाउँमा पुग्नुपर्ने हुन्छ।

### २.२.१.६ अन्य

यस बाहेक विषय सूची, शब्द सूची र पाठ्यपुस्तकको आकार जस्ता विशेषताहरू भाषा पाठ्यपुस्तकका बाह्य विशेषताअन्तर्गत अन्यमा समेट्न सकिन्छ।

### २.२.१.७ विषयसूची

भाषा पाठ्यपुस्तकमा पाठ प्रारम्भ हुनु अघि विषयसूची दिनु पर्दछ। कुन पाठ कुन विधाको हो, कसले लेखेको हो र कुन पृष्ठमा छ, त्यसको उल्लेख विषयसूचीमा गर्नु पर्दछ।

### २.२.१.८ शब्दसूची

भाषा पाठ्यपुस्तकको अन्त्यमा त्यसमा प्रयोग भएका नयाँ शब्दहरू तथा उखानटुक्काहरूको सूचीक्रमले राखिनु उपयुक्त हुन्छ। यसलाई शिक्षक विद्यार्थी दुवैलाई फाइदा हुन्छ।

### २.२.१.९ पाठ्यपुस्तकको आकार

पाठ्यपुस्तक कति पृष्ठको हुनु पर्दछ भन्ने विषय बहसको नै विषय हो। बालकको स्तर, अध्यापन अवधिका आधारमा पाठ्यपुस्तकको आकार निर्धार गर्नु उपयुक्त हुन्छ।

कक्षा छको पाठ्यपुस्तक १४०-१५० पृष्ठको हुन सक्छ जसमा ४०-५० पृष्ठ कविता हुनु पर्दछ । कक्षा ७ का लागि १७५-२०० पृष्ठको पाठ्यपुस्तकमा ७५ पृष्ठ कविता हुनु पर्दछ । कक्षा आठका लागि २००-२२५ पृष्ठको पाठ्यपुस्तकमा ८० पृष्ठ कविता हुनु पर्दछ । उच्च मा.वि. तहमा १५० पृष्ठको पद्य, १३० पृष्ठ गद्य र १०० पृष्ठको नाटक वा उपन्यास राखिनु उपयुक्त हुन्छ ।

### २.२.२ आन्तरिक पक्षहरू

#### २.२.२.१ विषयवस्तु र पाठ्यवस्तु

विषयवस्तु र पाठ्यवस्तु पाठ्यपुस्तकको केन्द्रीय भागका रूपमा रहन्छन् । विभिन्न विधासँग सम्बन्धित भएर शीर्षक, उपशीर्षक, शब्दभण्डार, भाषा आदिका रूपमा समेटिएका हुन्छन् । ती पाठ्यपुस्तकहरूको भाषिक संरचनागत, शैलीगत, स्तरगत, तथ्यगत, अभ्यासगत आदि विशेषतालाई अँगालेको हुनुपर्छ ।

#### २.२.२.२ विधाको छनोट

पाठ्यपुस्तकका उपयुक्त विषयवस्तु र प्रस्तुतीकरणको संरचनात्मक स्वरूप नै विधा हो । विधाका माध्यमबाट भाषिक सीप विकास गर्ने भएकाले भाषा शिक्षणमा विधाको सर्वाधिक महत्त्व हुन्छ । विधाको छनोट गर्दा विद्यार्थीहरूको भाषिक बौद्धिकस्तर कक्षा, तह पाठ्यक्रम सरलदेखि जटिलको क्रममा शिक्षाका राष्ट्रिय उद्देश्यअनुरूप र विषयगत अवधारणाको ख्याल गर्नुपर्छ । भाषा पाठ्यपुस्तकमा विधाअन्तर्गत कविता, कथा, निबन्ध, जीवनी,रूपक, चिठीलाई लिने गरिन्छ । यी विधासँग शब्दभण्डार र व्याकरण पनि समावेश गरिन्छ ।

#### २.२.२.३ पाठको प्रस्तुतीकरण र विविधता

विषयवस्तुका रूपमा छुट्याइएका पाठका विधाहरूलाई व्यवस्थित र वैज्ञानिक अनुक्रममा राख्ने काम नै प्रस्तुतीकरण हो । भाषा पाठ्यपुस्तकमा विधाको छनोट भइसकेपछि तिनलाई लम्बीय र समतलीय सङ्गठनात्मक ढाँचामा सरलबाट जटिलतिरको क्रममा सिकाइको स्तर, उमेर, रुचि, आवश्यकता र सिकाइको प्रवृत्ति तथा तरिका अनुरूप एकअर्का पाठबीच अन्तरसम्बन्ध कायम हुने गरी प्रस्तुत गर्नुपर्छ । भाषिक सीप विकास गर्न र तदनुरूप अभ्यास गर्नका लागि पाठको प्रस्तुतीकरण महत्त्वपूर्ण मानिन्छ ।

#### २.२.२.४ शब्द भण्डार

भाषा पाठ्यपुस्तकमा राखिने शब्द भण्डार मूलतः स्तर अनुकूल र विद्यार्थीको पूर्व शैक्षिक अनुभवमा आधारित हुनु पर्दछ। विद्यार्थीहरूले पहिचान गरेका शब्द भण्डारबाट क्रमिक रूपमा कठिन शब्दहरूको समावेश पाठ्यपुस्तकमा गर्दै लग्नु पर्दछ। भाषा पाठ्यपुस्तकका रूपमा प्रारम्भिक कक्षाहरूमा प्रयोग गरिने पाठ्यपुस्तकहरूमा नियन्त्रित शब्द भण्डार हुनु आवश्यक छ। प्रत्येक पाठमा बढीमा दस बाह्रभन्दा बढी नयाँ शब्द प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा राखिनु उपयुक्त हुँदैन। नयाँ शब्दहरूको पुनारावृत्ति अघिल्लो पाठहरूमा हुनु पर्दछ। भाषा पाठ्यपुस्तकमा तद्भव शब्दहरूका आधारमा तत्सम शब्दहरू सिकाउन मिल्ने किसिमले राख्नु पर्दछ। भाषा पाठ्यपुस्तकमा ८० प्रतिशत तल्ला कक्षाहरूमा प्रयोग भइसकेका शब्दहरू नै प्रयोग गर्नु पर्दछ। २० प्रतिशत नयाँ शब्दहरू यथास्थानमा प्रयोग हुनु पर्दछ। नयाँ शब्द भण्डारको वितरण सबै पाठहरूमा समानुपातिक ढङ्गबाट गरिनु पर्दछ।

#### २.२.२.५ भाषा

भाषा पाठ्यपुस्तकमा उपयोग गरिने भाषागत संरचनाहरूको प्रयोग विद्यार्थीको क्षमता, सामाजिक व्यवहारोपयोगी र स्तर तथा उद्देश्यअनुसार हुनु गर्दछ। यसको प्रयोग हुने वाक्य ढाँचाहरू भषिक सीप आर्जनका निम्ति उपयोगी हुने किसिमका हुनु पर्दछ। भाषा एउटा हरेक पुस्तक तथा भाषा पाठ्यपुस्तक लेखनको माध्यम हो। अन्य पाठ्यपुस्तकमा भाषा नै रहेको हुन्छ। भाषिक सीपको विकास गर्नु नै प्रमुख उद्देश्य रहेको हुन्छ। जसले गर्दा भाषा पाठ्यक्रम र भाषा पाठ्यपुस्तकको अपेक्षा अनुसार विद्यार्थीको क्षमता वा स्तरको ख्याल गरी सरल आकर्षक एवम् रुचिपूर्ण भाषको प्रयोग हुनुपर्दछ।

#### २.२.२.६ चित्र

पाठ्यपुस्तकमा उपयुक्त किसिमले चित्रहरू समावेश गरिएमा त्यो रुचिपूर्ण, मनोरञ्जन र आकर्षक हुन्छ। भाषा पाठ्यपुस्तकमा भाषिक सीप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने खालका चित्रको व्यवस्था गरिएको हुनु पर्दछ। प्राथमिक तहका भाषा पाठ्यपुस्तकमा माथिल्ला तहका भाषा पाठ्यपुस्तकभन्दा चित्रको बढी महत्त्व देखिन्छ। चित्रहरूको आकार, कक्षाको तह, स्तरअनुसार भिन्नभिन्न हुन सक्छ। भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रको प्रस्तुतिले सामाजिक र मानसिक रूपमा विद्यार्थीहरूलाई नकारात्मक असर पार्नु हुँदैन। मनोवैज्ञानिक सिकारु केन्द्रित शिक्षण प्रक्रियामा हजारौँ शब्दहरूले बोल्न नसकेको कुरा एउटै

चित्रले बोल्न सक्दछ भन्ने निष्कर्ष निकालन सकिन्छ। चित्र विषयवस्तुसँग सान्दर्भिक र आकर्षक ज्ञान तथा धारणा अनुरूप सफा चित्रहरूले पाठ्यपुस्तकको पठनपाठनमा सरल, सहज, स्पष्ट र कालान्तरसम्म सम्झन योग्य बनाउने भएकाले सोही अनुकूल सुहाउँदो आकारमा चित्र हुनुपर्छ।

### २.२.२.७ नमुना अभ्यास

भाषिक प्रयोगका सन्दर्भगत ज्ञान हासिल गर्न अभ्यासको महत्त्वपूर्ण भूमिका खेल्दछ। भाषा पाठ्यपुस्तकमा प्रयुक्त शब्दार्थ, वाक्य संरचना, विविध शैली सिकाइका लागि अभ्यासको आवश्यकता पर्दछ। असल भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमद्वारा निर्धारित उद्देश्यहरू पूर्तिका निमित सहयोगी हुने खालका अभ्यासहरू राखिनु पर्दछ। अभ्यास कक्षाको वातावरण, स्तर र सम्बन्धित मूल पाठसँग मिल्दो हुनाका साथै विद्यार्थीहरूमा भाषाका विविध क्षेत्रसँग सम्बन्धित शैलीगत क्षमता विकास गर्न समेत सहयोग पुऱ्याउने हुनु पर्दछ। जुनसुकै काममा पनि पटकपटकको अभ्यासले मात्रै काममा निपूर्ण भइन्छ। भाषिक उपलब्धि हासिल गर्न तोकिएका विषय तथा विधाहरूमा पर्याप्त अभ्यासको आवश्यकता पर्दछ। भाषिक सीप विकास गर्न सोही अनुकूलका अभ्यासहरूको खाँचो पर्दछ।

### २.२.२.८ अन्य

माथि उल्लेखित भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने सैद्धान्तिक अवधारणाका आधारमा कक्षा छको नेपाली र वैखरी भाषा पाठ्यपुस्तकको तुलनात्मक ढङ्गले अध्ययन, विश्लेषण गरिएको छ । भाषा पाठ्यपुस्तकमाथि उल्लिखित विभिन्न पक्षहरू बाहेक विषयसूची, भूमिका, शब्दसूची, सन्दर्भसूची, सङ्केत, शिक्षक अभिभावकलाई निर्देशन, प्रकाशन संस्था, लेखक आदि विविध कुराहरू रहेका हुन्छन्। उल्लिखित कुराहरू पनि उपयुक्त ढाँचामा संयोजन हुनुपर्दछ। जसले गर्दा पाठ्यपुस्तक प्रयोग गर्न सरल र हेर्दा पनि आकर्षक देखिन्छ।

# अध्याय तीन

# शोध विधि तथा प्रक्रिया

## ३.१ अध्ययनको अनुसन्धान ढाँचा

अनुसन्धानात्मक ढाँचा भन्नाले अध्ययनको प्रकृति र प्रकार अनुसार भाषिक अनुसन्धानका कुन कुन विधिहरू समेटेर शोध प्रतिवेदन तयार पार्ने हो भन्ने बुझिन्छ । प्रस्तुत शोध प्रतिवेदन भाषिक अनुसन्धानका सामान्य विधिमध्ये पुस्तकालयीय विधिका आधारमा गरिएको छ ।

## ३.२ तथ्याङ्का स्रोतहरू

सत्य तथ्य कुरा गर्नका लागि तथ्याङ्क आवश्यक पर्दछ । त्यसका लागि सही सूचना हुनु पर्दछ । प्रस्तुत अध्ययन **कक्षा छको नेपाली र वैखरीको तुलना**त्मक अध्ययन हो भन्ने उद्देश्य खण्डले स्पष्ट पारेको छ । यो परिमाणात्मक प्रकृतिको अनुसन्धान भएकाले पुस्तकालयीय अध्ययनबाट प्रमाणित आवश्यक तथ्याङ्क तथा सामग्री सङ्कलनपछि व्याख्या, विश्लेषण, तुलनात्मक र समीक्षात्मक विधि अपनाएर सङ्कलित सामग्रीको विश्लेषण गरी प्राप्त निष्कर्ष निकालिएको छ । पाठ्यपुस्तक तुलना, अध्ययन विश्लेषणका सर्वमान्य सैद्धान्तिक आधारहरूमा रही कक्षा छको नेपाली र वैखरी पाठ्यपुस्तकको तुलना गरिएको छ । अनुसन्धान कार्यलाई व्यवस्थित अध्ययन विश्लेषण गर्नको निम्ति निश्चित मापदण्डको आवश्यकता पर्दछ । आफूले निर्धारण गरेको मापदण्ड साथै सिद्धान्तका आधारमा अध्ययनलाई अगाडि बढाउँदा व्यवस्थित साथै प्रभावकारी बन्न जान्छ । यो अनुसन्धानका लागि मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । साथै सम्बन्धित विषयका विशेषज्ञ, शिक्षक र विद्यार्थीहरूसँगै आवश्यकता अनुसार छलफल परामर्श गरी प्राथमिक र द्वितीय स्रोतहरूको समेतको उपयोग गरी यो अध्ययनलाई पूरा गरिएको छ । जुन निम्न प्रकारका छन् ।

### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत शोध कार्य दुई पाठ्यपुस्तकको तुलनात्मक अध्ययनमा केन्द्रित रहने भएकाले कक्षा छका दुई नेपाली पाठ्यपुस्तक नेपाली र वैखरीलाई नै प्राथमिक सामग्रीका रूपमा लिई अध्ययन गरिएको छ । जसमा पनि प्रस्तुत दुई पाठ्यपुस्तकका आन्तरिक र बाह्य

विशेषतालाई अध्ययनको मूलधार बनाएको छ। सम्बन्धित तहको पाठ्यपुस्तकसँगै पाठ्यक्रमलाई पनि स्रोत मानी अध्ययन गरिएको छ। अध्ययन विद्यालय तह अन्तर्गतको आधारभूत तहमा पर्ने कक्षा छमा पढाइ हुने सामुदायिक विद्यालयको नेपाली र संस्थागत विद्यालयमा वैखरीको तुलनात्मक अध्ययन गरिएको छ। यस अध्ययनमा पाठ्यक्रम र पाठ्यपुस्तकलाई नै आधार बनाएर विश्लेषणात्मक अध्ययन विधिलाई नै मुख्य विधि बनाएर सामग्री सङ्कनको अध्ययन पूरा गरिएको छ।

### ३.२.२ द्वितीय स्रोत

कुनै कार्यलाई सहज रूपमा सम्पन गर्नका निम्ति प्रत्यक्ष देखिने सामग्रीको जति महत्त्व हुन्छ त्यति नै अप्रत्यक्ष रूपमा रहेका सामग्रीको पनि उति कै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। यस कार्यलाई सम्पन गर्नका निम्ति विभिन्न लेख रचना, तालिका सूची, पत्रपत्रिका तथा साथीहरूको राय सुझावहरूलाई लिन सकिन्छ। यसरी प्रस्तुत अध्ययनलाई व्याख्या विश्लेषण गर्न मुख्य रूपमा पुस्तकालयीय विधिमा आधारित भई तथ्याङ्क सङ्कलन गरी तुलनात्मक साथै वर्णनात्मक विधिको समेत अबलम्बन, व्याख्या विश्लेषण गरी यो अध्ययन पूरा गरिएको छ। प्रस्तुत विषय क्षेत्रसँग सम्बन्धित पाठ्यसामग्री अध्ययन प्रतिवेदनहरू शब्दकोश, सन्दर्भ र सहयोगी पुस्तकहरू, जर्नलहरू अध्ययन सामग्री पूर्वअनुसन्धान प्रतिवेदनहरू तथा विभिन्न विद्वान तथा विज्ञहरूका सुझावहरूलाई द्वितीय स्रोतका रूपमा सङ्कलन गरिएको छ। जुन निम्नअनुसार उल्लेख गरिएको छ।

**भाषा शिक्षणसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू**

यस शोधकार्यका लागि भाषा शिक्षणसँग सम्बन्धित तुलनात्मक अध्ययनका लागि +२ तहदेखि स्नातकोत्तर तहसम्मका विभिन्न भाषा शिक्षणसँग सम्बन्धित पुस्तकहरू अध्ययन गरी अनुसन्धानलाई पूर्णता दिइएको छ।

**अनुसन्धान प्रतिवेदन**

सम्बन्धित शीर्षकमा सान्दर्भिक र यसभन्दा अगाडि भएका विभिन्न अनुसन्धानका प्रतिवेदन तथा अनुसन्धानलाई वस्तुनिष्ठ र नवीन बनाउने प्रयत्न गरिएको छ।

**पत्रपत्रिका तथा जर्नलहरू**

प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित विभिन्न पत्रपत्रिकाहरू तथा जर्नलहरूमा प्रकाशित लेख, समीक्षा तथ्याङ्क तथा विचारहरूको अध्ययन गरी अनुसन्धानलाई आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गरिएको छ ।

**व्याकरण तथा शब्दकोश**

यस अनुसन्धान प्रतिवेदनका भाषिक र व्याकरणिक क्लिष्टता र शुद्धताका लागि आधिकारिक र मानक व्याकरण तथा शब्दकोश उपयोग गरिएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका उपकरण

अनुसन्धान तथ्याङ्क सङ्कलन ज्यादै जटिल र परिश्रमपूर्ण भए पनि वैज्ञानिक र व्यवस्थित ढङ्गले सङ्कलन गरिएको छ। यस अनुसन्धानलाई पनि विशिष्ट, मापनीय, उपयोगी र वैज्ञानिक बनाउन तथ्याङ्क सङ्कलन गर्दा तालिका सूची, टिपोटपत्र आदि साधनहरूको उपयोग गरिएको छ । यी साधनहरूको माध्यमबाट सङ्कलित तथ्याङ्कहरूको गहन र सूक्ष्म अध्ययन गरी अनुसन्धानलाई बढी विश्वसनीय र वैध साथै वस्तुनिष्ठ बनाउने प्रयास गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत शोधकार्य लागि तथ्याङ्क मुख्य आधार सामग्री हो । तथ्याङ्क सङ्कलन कार्य निकै परिश्रमपूर्ण र जटिल हुने गर्दछ । अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्दा विभिन्न विधिहरूको उपयोग गर्न सकिन्छ। यो गुणात्मक अनुसन्धान भएकाले शाब्दिक रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

सङ्कलित तथ्याङ्कहरूको विश्लेषणबाट मात्रै अनुसन्धानले पूर्ण आकार प्राप्त गर्ने भएकाले अनुसन्धानमा तथ्याङ्क विश्लेषण कार्य सर्वाधिक महत्त्वपूर्ण हुन्छ। प्रस्तुत अध्ययन पाठ्यपुस्तकको गुण, विशेषताको तुलनामा आधारित हुने हुँदा सङ्कलित तथ्याङ्कलाई मूर्त रूप दिन तुलनात्मक, व्याख्यात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ ।

# अध्याय चार

# व्याख्या विश्लेषण

## ४.१ बाह्य भौतिक आधारमा कक्षा छको नेपाली र वैखरीको तुलना

### ४.१.१ आवरण पृष्ठ

आवरण पृष्ठ भनेको पाठ्यापुस्तकको सबैभन्दा बाहिरको भित्री सौन्दर्य जोगाउनका लागि प्रयोग गरिएको कागज हो । यो पृष्ठ पाठ्यपुस्तकको सङ्केतक पनि हो । यसै पृष्ठले कुन तह, कक्षा तथा विषयको पुस्तक हो भन्ने कुरा बताउँछ (पौडेल, २०६६ : १९९) । यो आकर्षक चित्र र रङ्गको संयोजन भएको बाक्लो, चिल्लो, टिकाउपन भएको हुनुपर्छ ।

कक्षा छको नेपाली किताबको आवरण पृष्ठ सामान्य खालको देखिन्छ । यसको आवरणमा १०० प्वाइन्टको अक्षरले नेपाली र ३० प्वाइन्टको अक्षरमा कक्षा छ लेखिएको देखिन्छ । नेपाली लेख्न हरियो कक्षा छ लेख्न निलो रङ्गको प्रयोग गरिएको छ । सेतो पृष्ठभूमिमा तल र माथि हरियो रङ्गका दुईदुईवटा धर्काका बीचमा हरियाली वातावरणमा बालमैत्री विद्यालय र विद्यालय पोसाकमा विद्यालय प्रवेश गर्दै गरेका चित्र रहेका छन् । विद्यालय क्षेत्र हरियो पृष्ठभूमि र अन्य भने सेतो पृष्ठभूमि रहेको छ । बायाँ भाग सिरानीमा ठाडो बाकस बनाएर हरियो पृष्ठभूमिमा सेतोले १२० प्वाइन्टको ६ लेखिएको छ । मुनिपट्टि लम्बाइ ९.५ सि.एम. र उचाइ १४ सि.एम को हरियो पृष्ठभूमिको बालक बनाएर नीलो मसीले १५ प्वाइन्टको अक्षरमा राष्ट्रिय गीत लेखिएको छ। उक्त बालकको दायाँ बायाँ तलमाथि भने सेतो पृष्ठभूमि नै रहेको छ । अन्तिममा नेपाल सरकारको छापसहित प्रकाशक, वितरकको नाम, ठेगाना र मनोग्राम टिकट दिइएको छ ।

कक्षा छको वैखरी किताबको आवरण पृष्ठ टिकाउ र आकर्षक नै देखिन्छ । यसमा १०० प्वाइन्टको अक्षरले बराबरी र ३० प्वाइन्टको अक्षरमा ६ लेखिएको देखिन्छ । नीलो पृष्ठभूमि बनाएर ३० प्वाइन्टको अक्षरले नेपाली विषयको एकीकृत पाठ्यपुस्तक लेखिएको देखिन्छ । अन्य सबै गाडा नीलो रङ्गको पृष्ठभूमि छ । दायाँ फेदमा लेखकको नाम १७ प्वाइन्टको सेता अक्षरमा वैखरी र रातो बलकमा १६ प्वाइन्टको अक्षरमा ६ लेखिएको छ । यसरी हरियो गाडा भएको पृष्ठभूमि १० प्वाइन्टको सेता अक्षरमा भाषा शिक्षण थर्नुको उद्देश्य र वैखरीको औचित्यमाथि प्रकाश पारिएको पाइन्छ । सोही पृष्ठभूमिको माध्यममा पहेंलो अक्षरमा यस

शृङ्खलाका पाठ्यपुस्तकहरू भनेर वैखरी क, ख, ग, र वैखरी १-७ सम्म लेखिएको सूची छ। बायाँ फेदमा नेपाली रातो अक्षरमा टिकट र मूल्य रहेको छ।

उक्त दुई पाठ्यपुस्तक आवरण पृष्ठलाई तुलना गर्दा र सजिलै नच्यातिने खालको छ। पछाडिका आवरणमा नेपाली किताबमा कक्षा छको कक्षागत गीत तथा नेपाल सरकारको दल छाप दिइएको वैखरी नेपालीको पछाडिको आवरण व्यावसायिक किसिमको देखिन्छ किनभने यसमा प्रस्तुत पाठ्यपुस्तकका विशेषताहरू तथा अन्य पाठ्यपुस्तकको सूची र मूल्य पनि देखिएको छ।

नेपाली किताबको आवरणमा लेखकको नाम छैन, वैखरी नेपालीको आवरणमा लेखकको नाम दिइएको छ तर नेपाली किताबको आवरणमा विद्यालयको वातावरणलाई स्पष्ट पार्ने हरियाली पूर्ण ठाउँमा विद्यालय र विद्यार्थीको नक्सा दिइएकाले आकर्षक नै देखिन्छ तर आवरणमा प्रयुक्त कागजको स्तर र रङ्गको मिलनले वैखरी पनि उपयुक्त नै देखिन्छ।

### ४.१.२ आकार प्रकार

पाठ्यपुस्तकको स्वरूप सजावट तथा आकृतिलाई नै पाठ्यपुस्तकको आकारप्रकार भन्ने बुझिन्छ। भाषा पाठ्यपुस्तक एफोर आकारको हुनुपर्ने मान्यता राखिन्छ। भाषा पाठ्यपुस्तकको आकार विद्यार्थीको स्तर सुहाउँदो र विद्यार्थीलाई बोल्न सजिलो हुने किसिमको छनोट गर्नुपर्छ। (भण्डारी  र अन्य, २०६८ : २०१) भाषा पाठ्यपुस्तकको औसत लम्बाई १०-१२ र चौडाई ८-९ इञ्च हुनु उपयुक्त मानिन्छ ।

नेपाली किताब भाषा पाठ्यपुस्तकको आकार प्रकारका दृष्टिले लाग्दछ। डिमाइ आकारसँग यो मिल्दोजुल्दो नै देखिन्छ। नेपाली किताबको ठाडो लम्बाई २४ सेमी र चौडाइ १८ सेमी रहेको छ। आवरण पृष्ठ र पछाडिको आवरण पृष्ठ बाहेक यसको मूल्य पाठ रहेको पृष्ठ सङ्ख्या १६२ रहेको छ।

बैखरी किताब भाषापाठ्यपुस्तकको आकारप्रकारका दृष्टिले ठीकै देखिन्छ। डिमाइ (ए फोर) आकारमा रहेको यो पुस्तकको लम्बाइ ९.५ इन्च र चौडाइ ७ इन्च रहेको छ। अगाडिको आवरण पृष्ठ, अन्य पृष्ठ र पछाडिको आवरण पृष्ठ बाहेक यसको मूल पाठ रहेको पृष्ठ संख्या १२० रहेको छ।

यसरी माथि प्रस्तुत पुस्तकहरूको आकार प्रकार भाषा पाठ्यपुस्तकसँगै नै मिल्दोजुल्दो देखिन्छ। आकार प्रकारका दृष्टिले नेपालीभन्दा वैखरी मजबुत भए तापनि आकर्षणका दृष्टिले आवरण टिकाउ देखिँदैन।

### ४.१.३ कागजको गुणस्तर

भाषा पाठ्यपुस्तकमा कागजको गुणस्तर राम्रो हुनुपर्छ। कागज जति सेतो र चिल्लो, राम्रो साथै बाक्लो भयो त्यति नै आकर्षक र गुणस्तरीय मानिन्छ। चाँडै च्यातिने दोब्रिने अक्षर उड्ने कागज पाठ्यपुस्तकका लागि गुणस्तरीय मानिँदैन (भण्डारी र अन्य, २०६८ : २०३) भाषा पाठ्यपुस्तक अपेक्षाकृत गुणस्तरीय सेतो कागजमा छापिनु राम्रो मानिन्छ। नेपाली किताबमा कागजको स्तर अपेक्षाकृत राम्रो देखिँदैन।

कागज बाक्लो त छ तर मसिनो चिप्लो र सेतो भने छैन, घुर्मिलो रङ्गको कागज छनोट भएको हुनाले छापिएको चित्र र अक्षरहरू आकर्षक देखिँदैन। यस्तो कागज चाँडै दोब्रिने, च्यातिने र भाँचिने हुनाले यो टिकाउ नहुने देखिन्छ। वैखरी किताबको गुणस्तर ठिकै देखिन्छ। कागज बाक्लो भएकाले दोब्रिने, च्यातिने र भाँचिने सम्भावना कम हुन्छ। सेतो र चिल्लो कागज भएकाले अक्षरहरू स्पष्ट देखिएका छन्।

### ४.१.४ छपाइ र बँधाइ

भाषा पाठ्यपुस्तकमा छपाइ र बँधाइलाई पनि विशेष ध्यान दिनुपर्छ। छपाइका लागि गुणस्तरीय मसिको प्रयोग गर्नुपर्दछ जुन नउड्ने र नफुल्ने हुनुपर्छ। छपाइको समयमा शीर्षक, उपशीर्षक पाठ्यपुस्तक आदिमा अक्षरको भिन्नतालाई ख्याल गरी त्यहीअनुसार गाढा वा हल्का कालो रङ्गमा र पाठ्यपुस्तकको मसी मध्यम खालको देखिन्छ। गमले टाँसेर दुई ठाउँमा स्टेप्लर गरिएको प्रस्तुत पाठ्यपुस्तक मध्यम खालको देखिन्छ। गमले टाँसेर दुई ठाउँमा स्टेप्लर त गरिएको छ तर नसिलाएको हुनाले टाँसिएका पानाहरू सजिलै छुट्टिने सम्भावना देखिन्छ। वैखरी किताबमा आवरण नीलो, हरियो, पहेंलो, रातो मसीको प्रयोग गरिएको छ भने अभ्यासमा आकाशे गाढा रङ्गको प्रयोग गरिएको छ। अन्य कालो मसीले लेखिएको देखिन्छ। प्रस्तुत पुस्तकहरू बँधाइका दृष्टिले कमजोर देखिन्छन्। वैखरीमा विविधतायुक्त मसीको संयोजन भएकाले नेपाली किताबभन्दा राम्रो देखिन्छ किनभने भाषिक सीप विकास गर्ने शृङ्खला पनि मिलाएको देखिन्छ। विभिन्न रङ्गसँगै विभिन्न चित्रहरूको

मिलन भएको देखिन्छ। नेपाली किताबमा भने एउटै रङ्ग र कागज कम गुणस्तरको भएकाले कालो मसीको छपाइ फुस्रो देखिन्छ।

### ४.१.५ अक्षराकार र ठाउँ छोडाइ

भाषा पाठ्यपुस्तकमा अक्षरको आकार, अक्षर–अक्षरबीच तथा तलमाथि दायाँ बायाँ किनारमा ठाउँ छोडाइ र अनुच्छेद गठनमा ध्यान दिनुपर्दछ। साना कक्षाहरूका पाठ्यपुस्तकमा ठूला अक्षर र ठूला कक्षाहरूमा क्रमशः अक्षरहरूको आकार घटाउनुपर्छ। (भण्डारी र अन्य, २०६८ : २०२-२०३)। निम्न माध्यमिक तहका लागि १२-१४ प्वाइन्टसम्मका अक्षरहरू हुनु उपयुक्त मानिन्छ। पाठको मूल शीर्षक पाठ्यपुस्तक र अभ्यासमा क्रमशः अक्षराकार घटाउँदै लानु वैज्ञानिक दृष्टिले सान्दर्भिक मानिन्छ।

नेपाली किताबमा १२-२२ प्वाइन्टसम्मका अक्षरहरू प्रयोग गरिएका छन्। मुख्य शीर्षकमा २२ प्वाइन्ट शब्दार्थ पाठ्यवस्तु र अभ्यासमा १४ प्वाइन्टका र भूमिकामा १२ प्वाइन्टका अक्षरहरू प्रयोग गरिएका छन्। अनुच्छेद गठन र तलमाथि किनाराको छोडाइ पनि उपयुक्त नै देखिन्छ। दायाँ बायाँ किनारामा १.६ इन्च ठाउँ छोडाइएको छ। अनुच्छेद विन्यास र तलमाथि किनाराको ठाउँ छोडाइ पनि उपयुक्त देखिन्छ।

प्रस्तुत दुई पुस्तकहरूमा ठाउँ छोडाइमा समानता छ तर अक्षराकारमा समानता पाइँदैन। मूल शीर्षक उपशीर्षक पाठ्यवस्तु र अभ्यासमा दुवै पाठ्यपुस्तकमा घटाउँदै लगिएको देखिन्छ। मूल शीर्षक उपशीर्षक पाठ र अभ्यासका मूल प्रश्नमा वैखरीमा विविध रङ्गको प्रयोगका साथै अक्षरको आकार पनि नेपालीभन्दा ठूला छन्। शब्दार्थ र अभ्यासमा वैखरीभन्दा नेपाली किताबका अक्षरहरू ठूला छन्।

### ४.१.६ मूल्य र सुलभता

आर्थिक पक्ष सधैं मनोवैज्ञानिकसँग जोडिन्छ। अझै हाम्रोजस्तो अल्पविकसित मुलुकमा झन पाठ्यपुस्तकमा निर्धारण गरिएको मूल्यले अभिभावकहरूमा ठूलो प्रभाव पार्ने गरेको देखिन्छ (पौडेल, २०६६ : २००-२०१)। विद्यालयहरूमा अनिवार्य रूपमा पठनपाठन हुने पाठ्यपुस्तकमा पढाइ सुरु हुनुभन्दा अगावै सम्बन्धित ठाउँमा पुग्नुपर्छ। यसो भएमा मात्रै पाठ्यपुस्तकको सही प्रयोग गर्न सकिन्छ। यसरी पाठ्यपुस्तकमा कम मूल्यमा सर्वसुलभ रूपमा प्राप्त गर्ने अपेक्षा दुवैमा राखिन्छ।

नेपाली किताबमा मूल्य तोकिएको छैन । यो पुस्तक सामुदायिक विद्यालयमा निःशुल्क रूपमा वितरण गरिन्छ । सरकारले निःशुल्क वितरणको व्यावस्था सरकारले मिलाए पनि सर्वसुलभताका दृष्टिमा भने विद्यार्थीहरू, अभिभावक र शिक्षकहरूको गुनासो मेट्न सकेको देखिँदैन । तसर्थ यस समस्याबाट नेपाली किताब पनि अलग रहन सकेको छैन । वैखरी किताबको मूल्य २५० तोकिएको छ । नेपाली र नेपालको सर्न्दभमा यसलाई सहुलियतपूर्ण मान्न सकिन्न । चर्को शुल्क लिएर पठनपाठन हुने संस्थागत विद्यालयहरूमा पाठ्यपुस्तकहरू पनि महङ्गो हुँदा अभिभावकहरूलाई निक्कै आर्थिक बोझ पर्ने गरेको देखिन्छ । जतातते नपाइने विद्यालयले सिफारिस गरेका पुस्तक पसलमा मात्र पाइने र चाहिएको समयमा पुस्तक उपलब्ध नहुने अभिभावक र विद्यार्थीहरूको गुनासो वैखरीका सर्न्दभमा पनि प्रशस्त भेटिन्छ ।

उक्त दुई पुस्तकहरूमा नेपालीमा मूल्य तोकिएको छैन भने वैखरी नेपाली निकै महङ्गो देखिन्छ । निःशुल्क पाइए पनि नेपाली किताब सर्वसुलभ नदेखिएको वर्तमान अवस्था छ । निजी स्तरबाट छापिने सीमित संस्थागत विद्यालयहरूमा पठनपाठन हुने भएर पनि नेपालीका सर्न्दभमा खासै सर्वसुलभ नभएको अभिभावक र विद्यार्थीहरूले बताए पनि नेपालीजस्तो जटिल अवस्था भने सुलभताका दृष्टिले जटिल अवस्था नरहेको देखिन्छ ।

## ४.२ आन्तरिक/प्राज्ञिक आधारमा कक्षा छको नेपाली र वैखरीको तुलना

### ४.२.१ विषयवस्तु/पाठ्यवस्तु

भाषिक सीप विकास गर्ने भाषा पाठ्यपुस्तकमा व्यवस्था गरिएका बोध र अभिव्यक्तिसँग सम्बन्ध सीपका स्रोतहरू नै विषयवस्तु हुन् । पाठ्यवस्तुहरू भाषा पाठ्यपुस्तकमा विभिन्न साहित्यका र साहित्येत्तर विधासँग सम्बन्धित भएर शीर्षक, उपशीर्षक र शब्दभण्डार, भाषातत्व आदिका रूपमा समेटिएका हुन्छन् (भण्डारी र अन्य, २०६८ : २०३) । ती पाठ्यपुस्तकहरूले भाषिक संरचनागत शैलीगत, अभ्यासगत, तथ्यगत, स्तरगत र पाठ्यक्रम अनुरूपता जस्ता विशेषतालाई अँगालेको हुनुपर्छ । साथै विषयवस्तु मनोरञ्जनात्मक, सन्देशमूलक, सूचनामूलक कल्पनाशील व्यावहारिक आदि प्रकृतिको हुनुपर्छ ।

नेपाली किताबमा कविता, कथा, निबन्ध, रूपक, जीवनी, चिठी र विधागत पाठहरू शब्दार्थ, शब्दभण्डार, उच्चारण, हिज्जे, भाषातत्त्व आदि । व्याकरण अभ्यासात्मक पाठ्यवस्तुहरू समावेश गरिएका छन् । यस पाठ्यपुस्तकमा भएका कविताहरूमा गुरु (देवी नेपाल), खोला (सत्यमोहन जोशी) र स्वाभिमानी मुख (क्षेत्रप्रताप अधिकारी) गरी जम्मा तीनवटा कविता

रहेका छन् । यसै गरी कथाहरूमा युक्ति सामु शक्ति टिक्दैन, साने र ठुले र युमादेवीको अवतरण र युधिष्ठिरको परीक्षा साथै श्रीकृष्ण सराक्रम गरी चारवटा कथाहरू रहेका छन् । निबन्ध, प्रबन्धहरूमा सामाजिक सद्भाव, कृषि मलको प्रयोग, कालको महत्त्व, वातावरणको रक्षा गरी चारओटा रहेका छन् । रूपकहरूमा भविष्यको योजना (संवाद), सम्पत्तिभन्दा शिक्षा ठूलो -वादविवाद) गरी दुईओटा रहेका छन् । जीवनीअर्न्तगत साहित्यकार भवानी भिक्षु र लुइपाश्चरको जीवनी गरी दुईओटा रहेका छन् । चिठीअन्तर्गत साथीलाई चिठी र प्रधानाध्यापकलाई निवेदन गरी दुईओटा रहेका छन् । त्यस्तै प्रत्येक पाठको अन्त्यमा शब्दभण्डार, कार्यमूलक व्याकरण उच्चारण हिज्जे र सिर्जनात्मक अभ्यास रहेका छन् भने जटिल शब्दहरूको अर्थ प्रत्येक पाठको पृष्ठको फेदमा खुलीत हुने गरी दिइएको पाइन्छ ।

यसरी एकै शैक्षिक सत्रका लागि नेपाली पाठ्यपुस्तकमा विविध विधाहरू समेटिएका २० ओटा पाठहरू रहेका छन् । विविध भाषिक सीप तथा क्रियाकलापसँग सम्बद्ध गरी पाठ्यपुस्तकहरू शिक्षण गर्नुपर्ने हुँदा २२० दिनमा किताब पूरा गर्न निक्कै गाह्रो देखिन्छ ।

वैखरी किताबमा कविता, कथा, निबन्ध, रूपक, जीवनी, चिठी र विधागत पाठहरू शब्दार्थ, शब्दभण्डार, उच्चारण, हिज्जे, भाषातत्त्व आदि । व्याकरण अभ्यासात्मक पाठ्यवस्तुहरू समावेश गरिएका छन् । यस पाठ्यपुस्तकमा भएका कविताहरूमा त्यै बेलादेखि नेपाली (माधवप्रसाद घिमिरे), रिस (चक्रपाणि चालिसे) र इच्छा (मित्रलाल पंज्ञानी) गरी जम्मा तीनवटा कविता रहेका छन् । यसै गरी कथाहरूमा मखमली थैली, कुमार यवकृत र बुढो मान्छे गरी तीनावटा कथाहरू रहेका छन् । निबन्धहरूमा सिंह,केही तथ्य अन्धाअन्धी गुफा र फुटबल प्रबन्ध रहेका छन् । जीवनीअर्न्तगत अरनिको रहेका छ । चिठीअन्तर्गत आमाबुबालाई चिठी र प्रधानाध्यापकलाई निवेदन गरी दुईओटा रहेका छन् । रूपक विधामा किताब उपयोगीकी पत्रपत्रिका भन्ने वादविवाद समावेश गरिएको छ ।

त्यस्तै प्रत्येक पाठका पूर्व भागमा पूर्वपठन भनेर जानिराख्नुपर्ने  केही शब्दार्थहरू र सुनाइ र बोलाइका केही अभ्यासहरू समावेश गरिएको छ भने प्रत्येक पाठको अन्त्यमा शब्दभण्डार, कार्यमूलक व्याकरण, पढाइ, बोलाइ र लेखाइका छुट्टाछुट्टै अभ्यास राखिएका छन् भने समूह भाषा भनेर सामुहिक सिर्जनात्मक अभ्यासहरू पनि विषयवस्तुका रूपमा रहेका छन् । यसरी एकै शैक्षिकशत्रमा लागि वैखरी पाठ्यपुस्तकमा विविध विधाहरू समेटिएका १२ ओटा पाठहरू रहेका छन् । विविध भाषिक सीप तथा क्रियाकलापसँग सम्बद्ध गरी पाठ्यपुस्तकहरू शिक्षण गर्नुपर्ने हुँदा २२० दिनका लागि केही पाठ कम भएजस्तो देखिन्छ ।

उक्त पाठ्यपुस्तकमा समावेश भएका पाठ्यपुस्तकहरू तुलना गर्दा पाठगत हिसाबले वैखरीमा भन्दा नेपालीमा आठओटा पाठहरू बढी रहेका छन् । दुवै पाठ विधाका रूपमा ३/३ ओटा छन् । वैखरीमा कथा ३ ओटा छन् भने नेपालीमा ४ ओटा रहेका छन् । यसरी नै वैखरीमा चिठी २, निबन्ध २, प्रबन्ध १, जीवनी १, रूपक १ रहेका छन् भने नेपालीमा निबन्ध प्रबन्ध ४, जीवनी २, निवेदन १, रूपमा २ रहेका छन् । नेपालीमा मूल पाठ, मूल पाठसँगै मुनि प्रत्येक पृष्ठमा शब्दार्थ र अन्त्यमा अभ्यास र सिर्जनात्मक अभ्यास गरी प्रत्येक पाठलाई प्रस्तुत गरिएको छ ।

वैखरीमा पूर्वपठन भनेर जानी राख्नुपर्ने शब्दार्थ सुनाइ र बोलाइ सम्बन्धी केही तथ्यपूर्ण अभ्यासहरू छन् । त्यसपश्चात मूलपाठ तथा मूलपाठ पश्चात पढाइ र बोलाइ, लेखाइ शब्दभण्डार, व्याकरण र समूहमा भाषाका अभ्यासहरू प्रशस्त रहेका छन् । यसरी हेर्दा यी दुई पाठ्यपुस्तकहरूमा विषयवस्तुको स्वजरूप समान भए पनि विषयवस्तुको प्रस्तुतीकरणमा भने भिन्नता पाइन्छ ।

### ४.२.२ विधाको छनोट

विधाका आधारमा कुनै पनि पाठ्यपुस्तक, पाठ्यवस्तु छनोट गरिन्छ । विधाकै माध्यमबाट भाषिक लक्ष्य पूरा गरिने भएकाले भाषा पाठ्यपुस्तक विधाको विशेष महत्त्व हुन्छ (पौडेल, २०६६ : १८९) । विधा छनोट गर्दा विद्यार्थीहरूको भाषिक बौद्धिक स्तर, कक्षा तह पाठ्यक्रम सरलदेखि जटिलसम्मको क्रम राष्ट्रिय एकता, सदभाव, सहिष्णुता, देशप्रेम र जातीय स्वाभिमान जस्ता कुरामा सहयोगी छ वा छैन भन्ने कुरामा ध्यान पुऱ्याउनु पर्छ । नेपाली कक्षा छ र वैखरी कक्षा छमा समावेश गरिएका विभिन्न विधागत पाठहरू र विधा समेटिएका क्षेत्रलाई प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १ कथा विधाको क्षेत्रगत तुलना**

| क्र. स. | नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|---|
| | **पाठ** | **समेटिएको क्षेत्र** | **पाठ** | **समेटिएको क्षेत्र** |
| १ | युक्तिसामु शक्ति टिक्दैन | नीति कथा | मखमली थैली | नीति कथा |
| २ | साने र ठूले | लोक कथा | इमानदारीको जाँच | लोक कथा |
| ३ | युमादेवीको अवतरण | ऐतिहासिक कथा | कुमार यवकृत र बुढो मान्छे | पौराणिक कथा |
| ४ | श्रीकृष्णको पराक्रम | पौराणिक कथा | कृष्णले राक्षसलाई बसमा लिएको | |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

यसरी माथि तालिकामा उल्लिखित दुई पाठ्यपुस्तकमा समावेश भएका कथाहरूले निर्देशित क्षेत्रहरूमा समेटिएको देखिन्छ र सङ्ख्यात्मक रूपमा नेपालीमा चारओटा र वैखरीमा तीन ओटा कथा रहेका छन् ।

**तालिका नं. २ कथा विधाको क्षेत्रगत तुलना**

| क्र. स. | **नेपाली पाठ्यपुस्तक** | | **वैखरी पाठ्यपुस्तक** | |
|---|---|---|---|---|
| | पाठ | समेटिएको क्षेत्र | पाठ | समेटिएको क्षेत्र |
| १ | गुरु | छन्दोबद्ध | त्यै बेलादेखि नेपाली | लोकलय |
| २ | खोला | छन्दोबद्ध | रिस | छन्दोबद्ध |
| ३ | स्वाभिमानी | लोकलय | इच्छा | छन्दोबद्ध |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

माथिको तालिका हेर्दा दुवै पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देशित गरेकै क्षेत्रहरू समेटिएका छन् । दुवै पाठ्यपुस्तकमा कविता सङ्ख्यामा समान ३/३ ओटा देखिन्छ र गीतिलयका कविता बढी रहेका छन् ।

**तालिका नं. ३ निबन्ध/प्रबन्ध विधाको क्षेत्रगत तुलना**

| क्र. स. | **नेपाली पाठ्यपुस्तक** | | **वैखरी पाठ्यपुस्तक** | |
|---|---|---|---|---|
| | पाठ | समेटिएको क्षेत्र | पाठ | समेटिएको क्षेत्र |
| १ | सामाजिक सद्भाव | सांस्कृतिक | सिंहः केही तथ्य | सामाजिक |
| २ | वातावरणको रक्षा | कलात्मक | फुटबल | कलात्मक |
| ३ | कलाको महत्त्व | वैज्ञानिक | अन्धाअन्धी गुफा | वैज्ञानिक प्राविधिक |
| ४ | कृषि मलको प्रयोग | वातावरणीय | | |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

माथि उल्लिखित खुवै पाठ्यपुस्तकका निबन्ध तथा प्रबन्धकमो क्षेत्रगत तुलना गर्दा नेपालीमा चारओटा र वैखरीमा तीनओटा रहेका छन्। दुवै विधागत मिलनका दृष्टिले पाठ्यक्रम अनुसार निर्देशित भएर नै निबन्धहरू राखिएको पाइन्छ।

**तालिका नं. ४ जीवनी विधाको क्षेत्रगत तुलना**

| क्र. स. | विधा | नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|---|---|
| | | पाठ | समेटिएको क्षेत्र | पाठ | समेटिएको क्षेत्र |
| १. | साहित्यकार, कलाकार | साहित्यकार भवानी भिक्षु | नीति कथा | अरनिको | कलाकार |
| २. | आविष्कारक | लुइपाश्चर | आविष्कारक | | |
| ३. | प्रेरक | राष्ट्रिय विभूति शंखरधर शाख्वा | राष्ट्रिय प्रेरक व्यक्ति | | |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

माथिको तालिकालाई हेर्दा दुवै पाठ्यपुस्तकले निर्देशित क्षेत्रभित्रै रहेर जीवनी राखेका भए पनि नेपालीमा तीन ओटा साहित्यकार, आविष्कार र प्रेरक व्यक्तिका रहेका छन् भने वैखरीमा एउटा मात्र अरनिको कलाकार रहेको छ। यसरी तुलनात्मक रूपमा हेर्दा वैखरीमा साहित्यकार र राष्ट्रिय विभूतिका पनि जीवनी समावेश गर्न आवश्यक देखिन्छ। यसरी वैखरीमा पनि दुई ओटा जीवनी थपिएको भए विधाको छनोट सन्तुलन हुने थियो।

**तालिका नं. ५ रूपक विधाको क्षेत्रगत तुलना**

| क्र. स. | | नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|---|---|
| | | पाठ | समेटिएको क्षेत्र | पाठ | समेटिएको क्षेत्र |
| १. | संवाद | भविष्यको योजना | संवाद | | |
| २. | वादविवाद | सम्पत्तिभन्दा शिक्षा ठूलो | वादविवाद | किताब उपयोगी कि पत्रपत्रिका | वादविवाद |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

आधारभूत पाठ्यक्रम (२०६९) मा रूपकलाई संवाद र वादविवाद गरी दुईओटा क्षेत्रमा छुट्याइएको छ। नेपाली किताबमा निर्देशित क्षेत्र पालना गर्दै भविष्यको योजना संवाद र सम्पत्तिभन्दा शिक्षा ठूलो वादविवाद राखिएको छ भने वैखरीमा निर्देशित क्षेत्रबाहिर रहेर

एउटा मात्र किताब उपयोगी कि पत्रपत्रिका भन्ने वादविवाद मात्र समावेश गरिएको छ। वैखरीमा संवाद पनि समावेश गरिएको छ। वैखरीमा संवाद पनि समावेश भएको भए सुनमा सुगन्ध हुने थियो।

**तालिका नं. ६ चिठी विधाको क्षेत्रगत तुलना**

| क्र. स. | | नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|---|---|
| | | पाठ | समेटिएको क्षेत्र | पाठ | समेटिएको क्षेत्र |
| १. | घरायसी | दाजुलाई बहिनीको चिठी | घरायसी | चिठी चपेटा आमाबुबालाई चिठी | घरायसी |
| २. | कार्यालयीय | प्रधानाध्यापकलाई निवेदन | कार्यालयीय | | |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

उक्त पाठ्यपुस्तकका चिठीहरूको विवरणलाई तुलना गर्दा वैखरीमा पाठ्यक्रमको निर्देशित क्षेत्र पालना गर्दै एउटा घरायसी र एउटा कार्यालयीय चिठी राखिएको छ। मुख्य चिठी चफेटा भन्ने शीर्षक दिएर तर नेपाली किताबमा घरायसी चिठी दाजुलाई बहिनीको चिठी मात्र समावेश गरिएको पाइन्छ भने कार्यालयीय चिठी समावेश गरिएको छैन। गरिएको भए सान्दर्भिक हुने थियो।

**तालिका नं. ७ भाषातत्त्व व्याकरणको क्षेत्रगत तुलना**

| क्र. स. | | नेपाली पाठ्यपुस्तक | वैखरी पाठ्यपुस्तक |
|---|---|---|---|
| | पाठ | पाठ | पाठ |
| १. | पदसङ्गति | पदसङ्गति | पदसङ्गति |
| २. | काल | काल | काल |
| ३. | पक्ष | पक्ष | पक्ष |
| ४. | भाव र अर्थ | भाव र अर्थ | भाव र अर्थ |
| ५. | वाक्य परिवर्तन | वाक्य परिवर्तन | वाक्य परिवर्तन |
| ६. | वाच्य परिवर्तन | वाच्य परिवर्तन | वाच्य परिवर्तन |
| ७. | शब्दवर्ग | शब्दवर्ग | शब्दवर्ग |
| ८. | कारक र विभक्ति | कारक र विभक्ति | कारक र विभक्ति |
| ९. | लेख्य चिन्ह | लेख्य चिन्ह | लेख्य चिन्ह |
| १०. | वर्ण विन्यास | वर्ण विन्यास | वर्ण विन्यास |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

माथि उल्लिखित तालिका अनुसार दुवै पाठ्यपुस्तकले पाठ्यक्रमद्वारा निर्देशित व्याकरणका क्षेत्रहरू समेटिएका छन् । नेपाली किताबमा प्रत्येक पाउमा सम्बन्धित क्षेत्रबारे केही छोटकरीमा जानकारी गराएरै मात्रै व्याकरण अभ्यासहरू दिइएको छ तर वैखरीमा भने सम्बन्धित क्षेत्रका बारेमा केही नभनी व्याकरणका अभ्यासहरू मात्रै सिधै दिइएको छ। यसरी विषयवस्तुको पर्याप्त ज्ञान, विधि र प्रक्रिया थाहा नभएका शिक्षकका लागि शिक्षण गर्न ज्यादै जटिल छ ।

**तालिका नं. ८ शब्दभण्डार र उखानटुक्काको प्रयोग**

| क. स. | | नेपाली पाठ्यपुस्तक | वैखरी पाठ्यपुस्तक |
|---|---|---|---|
| | पाठ | पाठ | पाठ |
| १. | पर्यायवाची | पर्यायवाची | पर्यायवाची |
| २. | विपरीतार्थी | विपरीतार्थी | विपरीतार्थी |
| ३. | अनेकार्थी | अनेकार्थी | अनेकार्थी |
| ४. | पारिभाषिक | पारिभाषिक | पारिभाषिक |
| ५. | अनुकरणात्मक | अनुकरणात्मक | अनुकरणात्मक |
| ६. | | | आगन्तुक शब्द |
| ७. | | | टुक्का |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

प्रस्तुत गरिएको माथिको तालिकाले के स्पष्ट पार्छ भने नेपाली र वैखरी दुवै पाठ्यपुस्तकले पाठ्यक्रमले निर्देशित गरेका क्षेत्रहरूलाई समेटेको छ तर वैखरीमा भने टुक्का र अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरूको पर्याप्त भएकाले कक्षा छका विद्यार्थीहरूको स्तरअनुसार टुक्का जटिल भएका र आगन्तुक शब्दको अनावश्यक प्रयोगले नेपाली तत्सम शब्दहरूको लोप हुने सम्भावना देखिन्छ ।

प्रस्तुत शब्दभण्डार र उखान टुक्कालाई नेपालीमा मूल अभ्यास पछाडि राखिएको छ भने वैखरीमा पढाइ र लेखाइ अभ्यास पश्चात राखिएको छ तर दुवैमा शब्दभण्डारका लागि प्रशस्त अभ्यासहरू दिइएको छ। यसरी कक्षा छको नेपाली र वैखरी दुवै भाषा पाठ्यपुस्तक नै विधा र विधाका क्षेत्रगत विविधता समावेश गरिएको देखिन्छ। तथापि वैखरी भने आधारभूत पाठ्यक्रमलाई नाग्दै आगन्तुक शब्दहरूको बढी प्रयोग गरिएको देखिन्छ।

नेपालीमा अनेकार्थी शब्द नदिएकाले विद्यार्थीहरूमा शब्दले दिने एकभन्दा बढी शब्दको ज्ञान हासिल गर्न असहज देखिन्छ । यस किसिमको कमीकमजोरीले भाषिक कठिनाईको वातावरण सिर्जना हुने देखिन्छ ।

विधा तथा विषयवस्तु रखाइको क्रम विद्यार्थीहरूको स्तर, पाठको संयोजन, भाषगत, शैलीगत र संरचनागत अनि लेखकहरूको वैचारिक सुझबुझ जस्ता कतिपय दृष्टिकोणहरू दुवै पाठ्यपुस्तकमा नमिलेको देखिन्छ । अझै यो बढी मात्रामा रहेको पाइन्छ । सानातिना कुराहरू जस्तैः विधाहरूको रखाइक्रम, सन्तुलन, पाठ्यक्रम अनुरूपता, भाषिक जटिलता, विषयवस्तु भाषिक सीप विकासको अनुरूपतामा वैखरीलाई खासै खोट लगाउन सकिँदैन ।

### ४.२.३ प्रस्तुतीकरण

पाठको प्रस्तुतीकरण भनेको छनोट गरिएका विधागत विषयहरूलाई व्यवस्थित र वैज्ञानिक अनुक्रममा राख्ने योजना हो (शर्मा र पौडेल, २०६० : २८९) । भाषा पाठ्यपुस्तकमा विधाको छनोट भइसकेपछि तिनलाई सरलदेखि जटिलको क्रममा विद्यार्थीको उमेर, तह, रुचि, व्यक्ति, समाज र राष्ट्रको आवश्यकता, सिकाइको प्रवृत्ति आदिलाई ख्याल गर्दै एउटा पाठ र अर्को पाठ तल्लो कक्षा र माथिल्लो कक्षाबीच अन्तरसम्बन्ध कायम हुने गरी पाठको प्रस्तुतीकरण गर्नुपर्छ ।

नेपाली पाठ्यपुस्तकमा भएका २० ओटा पाठहरूलाई कथा (४), कविता (३), निबन्ध/प्रबन्ध (४), जीवनी (३), रूपक (२), चिठी (१) ओटा गरी ६ ओटा विधामा बाँडिएको छ । साथै वैखरी पाठ्यपुस्तकमा भएका १२ ओटा पाठहरूलाई कथा (३), कविता (३), निबन्ध/प्रबन्ध (४), जीवनी (१), रूपक (१), चिठी मुख्य शीर्षक र उपशीर्षक (२) ओटा गरी जम्मा ६ ओटा विधामा नै बाँडिएको छ ।

यी दुवै पाठ्यपुस्तकमा भएका विधागत पाठहरूको प्रस्तुति क्रमलाई तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं. ९ विधागत पाठको तुलना**

| नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|
| विधाको प्रस्तुतीकरण क्रम | पाठ | विधाको प्रस्तुतीकरण क्रम | पाठ |
| कविता | गुरु | कविता | त्यै बेलादेखि नेपाली |
| कथा | युक्तिसामु शक्ति टिक्दैन | निबन्ध | सिंह केही तथ्य |
| प्रबन्ध | सामाजिक सदभाव | कथा | मखमली थैली |
| संवाद | भविष्यको योजना | चिठी | चिठी चपेटा |
| जीवनी | साहित्यकार भवानी भिक्षु | कविता | रिस |
| कविता | खोला | प्रबन्ध | फुटबल |
| कथा | साने र ठूले | कथा | इमानदारीको जाँच |
| प्रबन्ध | कृषि मलको प्रयोग | जीवनी | अरनिको |
| चिठी | दाजुलाई बहिनीको चिठी | रूपक | किताब उपयोगी कि पत्रिका |
| कथा | युमादेवीको अवतरण | | |
| प्रबन्ध | सम्पत्तिभन्दा शिक्षा ठूलो | कविता | इच्छा |
| चिठी | स्वाभिमानी मुख | निबन्ध | अन्धाअन्धी गुफा |
| कथा | युधिष्ठिरको परीक्षा | | |
| वादविवाद | लुइपाश्चर | कथा | कुमार यवकृत र बुढो मान्छे |
| कविता | वातावरणको रक्षा | | |
| कथा | राष्ट्रिय विभूति शङ्खधर शाख्वा | | |
| जीवनी | मानिस नै देवता | | |
| प्रबन्ध | कलाको महत्त्व | | |
| जीवनी | प्रधानाध्यापकलाई निवेदन | | |
| कथा | श्रीकृष्णको पराक्रम | | |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

माथिको तालिका अनुसार दुवै पाठ्यपुस्तकमा पाठको प्रस्तुतीकरण ढाँचा सही नभएको देखिन्छ। दुवै पाठ्यपुस्तकको सुरुवात कविताबाट भएको छ। त्यसमा पनि पाठ्यपुस्तकमा

भाषिक जटिलतायुक्त नभई सरल भए तापनि कविता प्रयुक्त शब्द अन्य विधाका भन्दा स्वाभावैले भार प्रदान छ। नेपाली पाठ्यपुस्तकमा पहिलो पाठ गुरु कविता, दोस्रो पाठमा कथा राखिएको छ। यो प्रस्तुतीकरणका दृष्टिले उचित भए पनि वैखरीमा दोस्रो पाठमा निबन्ध राखिएको छ।

पहिलो पाठमा कविता अनि दोस्रो पाठमा निबन्ध यो प्रस्तुतीकरणको शैली उपयुक्त देखिँदैन। निबन्धको ठाउँमा तेस्रो पाठमा भएको कथा राखिएको भए विद्यार्थीहरूको पाठ रुचिपूर्ण हुने थियो। दुवै पाठ्यपुस्तकमा कथा, जीवनी, कविता र निबन्ध गरी सरलबाट जटिलको क्रममा राखेर पाठको सुरुवात गरेको भए रुचिपूर्ण तथा छनोट र स्तरणका हिसाबले वैज्ञानिक र विशिष्ट हुने थियो।

नेपाली र वैखरी पाठ्यक्रमअनुसार सरलबाट जटिलतिर नै नभएको कवितामा प्रस्तुत केही शब्दहरू वैखरीमा भन्दा जटिल छन् तर वैखरीमा बढी अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ। पाठ एकमा कविता राखिएको छ भने लगातार दोस्रो पाठमा झन जटिल निबन्ध राखिएको छ। यसलाई नवौं वा दसौं पाठमा राखेर कथा राख्नु रुचि र क्षमताका दृष्टिकोणले उपयुक्त देखिन्छ।

यसरी कक्षा छको नेपाली र वैखरी दुवैमा क्रमअनुरूप तुलना गर्दा विधाको क्षेत्र अनुरुप र चक्रीय रूपमा एकअर्का पाठबीच अन्तरसम्बन्ध नेपालीमा भए पनि वैखरीमा त्यसरी कायम हुने गरी राखिएको पाइँदैन।

नेपालीमा कविता, कथा, प्रबन्ध, संवाद, जीवनी, कविता, कथा, प्रबन्ध, चिठी, कथा, वादविवाद, कविता, कथा, जीवनी, कथा, प्रबन्ध, निवेदन र कथाको क्रममा पाठहरू प्रस्तुत गरिएको छ र वैखरीमा कविता, निबन्ध, कथा, चिठी, कविता, प्रबन्ध, कथा, जीवनी, रूपक, कविता, निबन्ध, कथाको क्रममा राखिएको छ। भाषा पाठ्यक्रममा विषयवस्तु मिल्ने विधाका पाठहरूलाई ३,४ वा ५ ओटा पाठहरूको एकाइ वा समूह बनाइ क्रमशः कथा,जीवनी,कविता, निबन्ध वा कथा, जीवनी, कविता, निबन्ध र अन्य गरी सरलबाट जटिलतिरको क्रममा राख्ने गरेको पाइन्छ तर प्रस्तुत पाठ्यपुस्तकहरूमा यो प्रक्रिया नभएको पाइएकाले दुवै पाठ्यपुस्तकले यही प्रक्रिया अपनाउनु पर्ने देखिन्छ।

### ४.२.४ पाठको विविधता

पाठको विविधता भनेको विषयवस्तुका रूपमा छनोट भएका पाठहरूको विधागत र क्षेत्रगत भिन्नपन हो (शर्मा र पौडेल, २०६० : २८९) । पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, व्याकरण र शब्दभण्डारको विधागत पाठहरूका विविधता सन्तुलन मिलाउनु हो भने क्षेत्रगत विविधता भनेको कथा, कविता, जीवनी आदि विधाका पाठहरू सांस्कृतिक, प्राकृतिक, आधुनिक, सामाजिक, मनोवैज्ञानिक आदि कुन क्षेत्रका कतिकति सङ्ख्यामा राख्ने भन्ने निर्धारण गर्ने कार्य हो । कथा छको नेपाली र वैखरी दुवै भाषा पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, निबन्ध, रूपक, चिठी, व्याकरण र शब्दभण्डार गरी नौओटा विधाको पाठ्यपुस्तकहरू राखिएको हुनाले विधागत विविधता कायम भएको अनुभव हुन्छ । व्याकरण र शब्द भण्डारको क्षेत्रगत विविधता पनि दुवै पाठ्यपुस्तकमा समान छ । व्याकरण र शब्द भण्डारको बाहेक अन्य विधाहरू र त्यसभित्रका विविधतालाई यसरी तालिकामा प्रस्तुत गर्न सकिन्छ ।

**तालिका नं. १० विधागतको क्षेत्रगत तुलना**

| क्र. सं. | विधा | नेपाली पाठ्यपुस्तक | वैखरी पाठ्यपुस्तक |
|---|---|---|---|
| | | विधातगत विविधता | क्षेत्रगत विविधता |
| १. | कविता | छन्दोबद्ध कविता १<br>लोक कविता २ | छन्दोबद्ध कविता १<br>लोक कविता १ |
| २. | कथा | लोककथा, नीतिकथा १<br>पौराणिक, ऐतिहासिक कथा १ | लोककथा १<br>पौराणिक कथा १<br>पौराणिक कथा १ |
| ३. | प्रबन्ध/निबन्ध | सामाजिक सांस्कृतिक १<br>प्राकृतिक वातावरणीय १<br>कलात्मक कला सम्बन्धी १<br>वैज्ञानिक, प्राविधिक १ | सामाजिक १<br>कलात्मक १<br>वैज्ञानिक, प्राविधिक १ |
| ४. | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>साहित्यकार, कलाकार १<br>आविष्कार, प्रेरक १<br>व्यक्तित्व, विचारक १ | राष्ट्रिय प्रेरक, व्यक्तित्व १ |
| ५. | चिठी | घरायसी १<br>कार्यालयीय १ | घरायसी १ |
| ६. | रूपक | संवाद १<br>वादविवाद १ | वादविवाद १ |

स्रोतः आधारभूत पाठ्यक्रम (६–८) २०७१

प्रस्तुत तालिकालाई तुलना गर्दा दुवै पाठ्यपुस्तकमा कायम गरिएका विधागत र उपविधागत विविधता पाइन्छ तर सङ्ख्यात्मक र क्रमागत सन्तुलनका दृष्टिले भने दुवै पाठ्यपुस्तकमा प्रशस्त कमजोरीहरू देखिन्छन् । कविता विधाबाट दुवै पाठ्यपुस्तक आरम्भ हुन् पहिलो कमजोरी हो (नेपाली गुरु र वैखरीमा त्यसबेलादेखि नेपाली) वैखरीमा संवाद नराख्नु जीवनीको राष्ट्रिय प्ररेक व्यक्तित्वको मात्र रहनु, आवश्यक पाठ सङ्ख्या पनि तुलनात्मक रूपमा कम हुनु, शब्दभण्डारमा संस्कृत, तत्सम र आगन्तुक शब्दहरू बढी हुन् । दुवै पाठ्यपुस्तकका कमजोरी पक्ष हुन् । विधागत र क्षेत्रगत विविधतामा नेपाली पुस्तक ठिकै भए पनि वैखरी यस पक्षमा कमजोर देखिन्छ । दुवै पाठ्यपुस्तकमा पाठको विविधता भने कायम भएको देखिन्छ ।

### ४.२.५ भाषा

भाषा पाठ्यपुस्तकमा राखिएका विधागत पाठ्यपुस्तकहरू व्यक्तिमा भाषिक सीप विकासका साथै चौतर्फी विकासका निम्ति उपयोगमा ल्याइने आधार सामग्री भएकाले तिनमा प्रयुक्त भाषा पनि विद्यार्थीहरूको क्षमता आवश्यकता, पाठ्यक्रमको उपेक्षा र पाठ्यवस्तुको प्रकृति अनुरूप सरल, आकर्षक एवम् रुचिपूर्ण हुनुपर्दछ (भण्डारी र अन्य, २०६८ : २०७) । भाषा पाठ्यपुस्तक लेखन वा विधाहरूको रखाइकै क्रममा सरल भाषामा लेखिएका पाठहरूलाई पहिला भाषिक दृष्टिले केही जटिल लाग्ने पाठहरूलाई बीचमा र तुलनात्मक रूपमा जटिल लाग्ने पाठहरूलाई अन्त्यमा गरी सरल, मध्यम जटिलमा क्रममा मिलाउनु पर्छ ।

भाषा प्रयोगको दृष्टिले नेपाली पाठ्यपुस्तकलाई मध्यम स्तरको मान्न सकिन्छ । सुरुमा नै गुरु जस्तो भाषिक जटिलता भएको कविताले विद्यार्थीहरूलाई भाषिक भार बोकाएको छ । यसरी विद्यार्थीहरूको रुचि, तह, क्षमता, उमेरअनुसार गुरु, खोला, युधिष्ठिरको परीक्षा, वातावरणको रक्षा, राष्ट्रिय विभूति शंखरधर शाख्वा, श्रीकृष्णको अवतरण जस्ता पाठ शीर्षकका पाठ्यपुस्तकमा प्रयुक्त केही शब्दहरू जटिल देखिन्छन् । यी पाठहरूमा भएका जटिल भाषिक प्रयोगलाई प्रतिनिधिमूलक पृष्ठहरूमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

गुरु हुन कार्यले माझी डुङ्गा तार्छन निरन्तर<br>
छोड्दछन् पसिना धारा यात्री उद्गार खातिर ॥

(गुरु कविता, पृ.२)

साना ठुला फनन भुमँरी घट्ट जस्तै घुमाई ।

साना फोका फरफर उसै फुट्ट राम्रो उठाई ॥ (खोला कविता, पृ. ३९)

पण्डवहरू सत्यवादी, धर्मात्मा र कर्तव्य परायण थिए

त्यहाँ धर्म, न्याय, मानवता र बन्धुत्वका बारेका छलफल हुन्थ्यो ।

(युधिष्ठिरको परीक्षा, पृ. ८७)

न त गाउँघर तथा समाज छाडेर प्राचीन युगमा झैं हामी जङ्गलतिर नै पस्न सक्छौं ।

(वातावरणको रक्षा, प्रबन्ध, पृ.१०५)

परमात्माभन्दा आत्मा नै महान् भन्ने पवित्र विचारले कालान्तरमा "म्हपूजा" प्रचलित हुन गएको पाइन्छ ।

(राष्ट्रिय विभूति शंखरधर शाख्वा जीवनी, पृ. ११३)

काल बाजा बजाएर आउँदैन महाराज ! समयमै बुद्धि पुऱ्याएर सोच्नुपर्छ ।

(श्रीकृष्णको पराक्रम कथा, पृ.१४०)

हिमफेदीको अँधेरीमा

भीमफेदीको पँधेरीमा ।

(स्वाभिमानी मुख कविता, पृ. ८१)

यी बाहेक युक्तिसामु शक्ति टिक्दैन, साने र ठुले कथा विधामा भाषाशैली सरल भएका पाठ हुन् । प्रबन्धमा सामाजिक सद्भाव, संवादमा भविष्यको योजना, जीवनीमा साहित्यकार भवानी भिक्षु र लुइपाश्चर आदिमा सोझा शब्दहरू नै प्रयोग भएका छन् । दाजुलाई बहिनीको चिठी कलाको महत्त्व प्रबन्ध, वादविवाद, सम्पत्तिभन्दा शिक्षा ठूलो सरल भाषाको प्रयोग भएका विधागत पाठशीर्षक देखिन्छन् । प्रस्तुत पाठ्यपुस्तकमा सरल, संयुक्त र मिश्र तीन प्रकारका वाक्यहरूको प्रयोग छ भने धेरै सरल वाक्यहरू र थोरै मात्रामा संयुक्त र मिश्र गरी तीन प्रकारका वाक्यहरूको प्रयोग गरिएको छ । सरल तथा जठिलजस्तो भाषा प्रयोग गरिए पनि पाठहरू भने रुचिपूर्ण देखिन्छन् । व्याकरणका प्रायः सबै कोटिहरू प्रयोग गरिएको मिश्रित भाषा यस पाठ्यपुस्तकमा देखिन्छ । अत्याधुनिक तद्भव शब्दहरू प्रयोग गरिएको प्रस्तुत पाठ्यपुस्तकमा तत्सम र आगन्तुक शब्दहरू पनि भेटिन्छन् ।

यसरी समग्र कविता विधामा तत्सम शब्द बढी प्रयोग छन् भने विशेष जीवनी विधा जस्तैः लुइपाश्चर, साहित्यकार भवानी भिक्षु आगन्तुक शब्दहरूको प्रयोग भएका छन् । अन्य विधामा भने तत्सम र आगन्तुक शब्दको प्रयोग नगन्य रूपमा भएको पाइन्छ । भाषा

प्रयोगका दृष्टिले वैखरी त्यै बेलादेखि नेपाली त्यति सरल र बोधगम्य मान्न सकिन्न किनभने सुरुमा नै कविता राखेर विद्यार्थीहरूलाई भाषिक जटिलता भएको देखिन्छ। कविता अन्य कविताको तुलनामा सरल भए तापनि कवितामा प्रयुक्त पङ्क्ति बोधगम्य हुन जटिलै मानिन्छ।

(बसेर शैलछायामा हामील लेख्यौं तस्विर मान्छेको यही कायामा देवता बोल आखिर)।

(यै बेलादेखि नेपाली, पृ. ९)

दोस्रो पाठमा राखिएको सिंह केही तथ्य निबन्ध शीर्षक त्यति बोधगम्य लाग्दैन। प्रयुक्त शब्दहरू निक्कै जटिल छन्। तेस्रो पाठ कथा भए तापनि तहअनुसार कथा निक्कै जटिल छ। फेरी हाँक हाल्न लगाउनुहोस् साहु बा ! (मखमली थैली कथा, पृ. ३४)

पाठ चारमा चिठी चपेटा मुख्य शीर्षक राखेर बाबुलाई चिठी भन्ने उपशीर्षकमा एकातर्फ चिठी लेख्ने सीपको विकास गर्न खोजिएको छ भने चिठीका माध्यमबाट स्वास्थ्य रहन खेल्नुपर्ने भूमिका सरल र स्पष्ट भाषा शैलीमा लेखिएको छ। अर्को प्रधानाध्यापकलाई शैक्षिक भ्रमणका रूपमा लेखिएको चिठी छ, यो सरल र सहज बोधगम्य नै रहेको छ। पाँचौं पाठमा राखिएको रिस कविता सरल र सहज रहेको छ। विद्यार्थीहरूको रुचि, तह, क्षमता, स्तर अनुकूल रहेको देखिन्छ। छैटौं पाठमा रहेको फुटबल प्रबन्ध र सातौं पाठमा इमानदारीको जाँच कथा, अरनिको जीवनी, किताब उपयोगी कि पत्रिका, रूपक इच्छा कविता, अन्धाअन्धी गुफा निबन्ध  कुमार यवकृत र बुढो मान्छे कथामा पनि सरल, सहज, स्तर, तह अनुकूल नै रहेको देखिन्छन्।

भाषिक सीप विकास गर्न यस पाठ्यपुस्तकलाई समग्रमा हेर्दा भाषिक सीप विकासमा दृष्टिले कक्षा छका विद्यार्थीहरू अनुकूल नै भाषा प्रयोग भएको मान्न सकिन्छ। प्रस्तुत पाठ्यपुस्तकमा सरल, संयुक्त र मिश्र तीनै प्रकारका वाक्यहरूको प्रयोग भएको पाइन्छ। सरल वाक्यको मात्रा धेरै भए पनि भाषिक गहनता बोकेको शब्दहरू बढी प्रयोग भएको पाइन्छ। तद्भवसँगै तत्सम र आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ। आगन्तुक शब्दमा पनि अङ्ग्रेजी बढी प्रयोग भएको पाइन्छ। यस पाठ्यपुस्तकमा ३ शब्ददेखि ३८ शब्दसम्म लामालामा वाक्यहरूको प्रयोग गरिएको पाइन्छ। औसतमा यस पाठ्यपुस्तकमा १६ शब्दका वाक्यहरू रहेका छन्। त्यै बेलादेखि नेपाली, इच्छा कवितामा तत्सम शब्दको प्रयोग भएका पाइन्छन् भने फुटबल प्रबन्ध, अन्धाअन्धी गुफा, निबन्ध, कुशमार यवकृत र बुढो मान्छे पाठमा आगन्तुक शब्दहरूको बढी प्रयोग भएको पाइन्छ। कथा रोचक भए

तापनि त्यसको गहनता भने जटिल भएकाले बोधगम्यतामा निक्कै कठिनाइ छ। हिन्दुमा घरमा जन्में, मुसलमानका घरमा हुर्कें, इसाईका घरमा बढें, पढें र पालिएँ। मेरो जात के हो ? मलाई थाहा छैन (इमान्दारीको जाँच, कथा, पृ.८७)।

कथा भए तापनि ठाउँठाउँमा जटिल प्रसङ्गमूलक शब्दहरू भएकाले तह, स्तरअनुसार जटिल पनि बन्न पुगेका छन्। त्यसको तुलना कम संयोजक, अल्पविराम भएका प्रसङ्गहरू हुँदा सुनमा सुगन्ध हुने थियो। यसरी भाषा प्रयोगका दृष्टिले हेर्दा वैखरीमा शब्द, वाक्य, प्रसङ्ग गहनतासँगै आगन्तुक शब्दले बढी प्रश्रय पाएजस्तो देखिन्छ।

समग्रमा दुवै पाठ्यपुस्तकमा प्रयोग भएको भाषा मध्यम खालकै मान्न सकिन्छ तर तुलनात्क रूपमा कुरा गर्दा वैखरीमा प्रयोग भएको भाषा जटिल देखिन्छ। सबै पाठहरू विद्यार्थीको भाषिक स्तर, तहभन्दा जटिल देखिन्छ तर वैखरीलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपलाई विकास गर्ने अभ्यास छुट्याएकाले शिक्षण गर्न भने सहज नै देखिन्छ। वैखरी पनि आधुनिक शिक्षण पद्धधिलाई ख्याल गरेर तयार पारिएकाले तालिम अप्राप्त शिक्षकले पनि भाषिक सीप विकासमा अलमलमा पर्ने कुनै दुविधा देखिँदैन तर व्याकरणगत अभ्यास कम हुनुका साथै उदाहरण बिना भएकाले राम्रो ज्ञान नभएका शिक्षकका लागि पनि खासै उपलब्धिमूलक देखिँदैन। यथार्थमा भन्दा वैखरीमाभन्दा नेपाली पाठ्यपुस्तक बालमैत्री सरल र उपयुक्त देखिन्छ।

**४.२.६ शब्दभण्डार**

विद्यार्थीको रुचि, स्तर, क्षमता उमेर र पूर्वानुभवसँग सम्बन्धित भएर शब्दहरूको संयोजन गरी पाठ तयार पार्नुपर्छ। भाषा पाठ्यपुस्तकमा ८० प्रतिशत सजिला र २० प्रतिशत नयाँ शब्दहरूको प्रयोग गरी विद्यार्थीको स्तर, क्षमता एवम् तह विषयवस्तुको प्रकृतिअनुसार शब्दभण्डारलाई नियन्त्रणमा राख्नुपर्छ। पूर्वानुभवसँग सम्बन्धित शब्दहरूका साथमा थोरै कठिन शब्दहरूको संयोजन गरी पाठ तयार पार्नुपर्छ। भाषामा जति नयाँ शब्द थपिँदै लगिन्छ त्यति नै तिनको सान्दर्भिक पुनारावृत्ति र प्रयोग अभ्यार पनि बढाउँदै लैजानु पर्दछ। कुनै पाठमा अत्यधिक नयाँ शब्दहरू थप्ने र कुनै पाठमा नथप्ने गर्नु हुँदैन। नेपाली पाठ्यपुस्तकमा प्रत्येक विधागत पाठमा कठिन शब्द र त्यसमा अर्थहरू दिइएको छ। प्रत्येक पाठमा मूल अभ्यासपछि शब्दभण्डार शीर्षकमा पर्यायवाची, विपरीतार्थ, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, प्राविधिक/ पारिभाषिक शब्दहरूको सूची र प्रयोग अभ्यास दिइएको छ। प्रत्येक पाठमा उच्चारण र हिज्जेअन्तर्गत उच्चारणका लागि पाठका कठिन

शब्दहरूको सूची दिइएको छ। प्रत्येक विधागत पाठमा भएका कठिन शब्दहरूको सूची दिइएका छन्। प्रत्येक विधागत पाठमा भएका कठिन सङ्ख्याहरूलाई यसरी तालिकामा प्रस्तुत गर्न सकिन्छ।

**तालिका नं. ११ विधागत शब्दभण्डार नेपालीमा**

| विधा | पाठ शीर्षक | उच्चारणगत कठिन शब्द<br>अर्थगत कठिन शब्द सङ्ख्या | |
|---|---|---|---|
| कविता | गुरु<br>खोला<br>स्वाभिमानी | १७<br>८<br>४ | १९<br>८<br>१० |
| जम्मा | | २९ | ३७ |
| कथा | श्रीकृष्णको पराक्रम<br>युक्तिसामु शक्ति टिक्दैन<br>साने र ठुले<br>युधिष्ठिरका परीक्षा<br>मानिस नै देवता<br>युमादेवीको अवतरण | ११<br>९<br>६<br>११<br>५<br>९ | १२<br>१६<br>१९<br>२४<br>१०<br>१९ |
| जम्मा | | ६१ | १०५ |
| निबन्ध/प्रबन्ध | सामाजिक सद्भाव<br>कृषिमलको प्रयोग<br>वातावरणको रक्षा<br>कलाको महत्त्व | १५<br>८<br>८<br>५ | ३२<br>११<br>१७<br>१४ |
| जम्मा | | ३६ | ७४ |
| जीवनी | साहित्यकार भवानी भिक्षु<br>लुइपाश्चर<br>राष्ट्रिय विभूति शङ्खरधर शाख्वा | ७<br>१२<br>११ | १४<br>२६<br>१३ |
| | | ३० | ५३ |
| रूपक | भविष्यको योजना (संवाद)<br>सम्पत्तिभन्दा शिक्षा ठूलो (वादविवाद) | ७<br>७ | |
| जम्मा | | १४ | |
| चिठी | प्रधानाध्यापकलाई निवेदन (निवेदन)<br>दाजुलाई बहिनीको चिठी (चिठी) | ५<br>४ | |
| जम्मा | | ९ | |

स्रोतः कक्षा छको नेपाली (२०७१)

माथि तालिकामा प्रस्तुत नेपाली पाठहरूमा जम्मा १७० ओटा उच्चारणगत कठिनाइ भएका शब्दहरू र २६९ ओटा कठिन शब्दहरूको अर्थ दिइएको छ। यी कुनै पनि शब्दको अर्थ र उच्चारणगत शब्द अर्को पाठमा नदोहोऱ्याएकाले यिनलाई पाठ्यपुस्तकमा दिइएका नवीन शब्दहरू मान्न सकिन्छ। कविता विधाका पाठहरूमा जम्मा ३० ओटा, उच्चारणगत ३७ ओटा, अर्थगत कथा विधामा ५१ ओटा, उच्चारणगत ९२ ओटा, अर्थगत निबन्ध विधामा ३६

ओटा, उच्चारणगत र ७४ ओटा अर्थगत, जीवनी विधामा ३०, उच्चारणगत ५३ ओटा शब्दगत, रूपकमा २४ ओटा उच्चारणगत र २४ ओटा अर्थगत, चिठी विधामा ९ ओटा उच्चारणगत र १६ ओटा अर्थगत शब्दहरू कठिन नयाँ शब्दहरू रहेका देखिन्छन् ।

वैखरी नेपालीमा पनि प्रत्येक पाठका अगाडि पाठमा पूर्वपठन भनेर भएका कठिन शब्दार्थहरू भनेर अर्थरहित शब्दसूची दिइएको छ । प्रत्येक पाठमा मूल पाठ अगाडि सुनाइ, बोलाइ र केही अभ्यास त्यसपश्चात् मूल पाठ, मूल पाठपश्चात् लेखाइ सीप विकास गर्ने अभ्यास र शब्दभण्डार उपशीर्षक दिएर जोडा मिलाउने उस्तै अर्थ लेख्ने पारिभाषिक शब्दहरू लघुतावाची शब्द, पर्यायवाची शब्द, अर्थ लेख्ने आदि उल्लेख गरिएको देखिन्छ भने व्याकरण उपशीर्षक दिएर व्याकरणात्मक अभ्यास दिइएको देखिन्छ भने सिर्जनात्मक विकासका लागि समूह भाषा भनेर सिर्जनात्मक लघु परियोजना भने पाठ प्रस्तुत गरेको पाइन्छ ।

**तालिका नं. १२ विधागत शब्दभण्डार वैखरीमा**

| विधा | पाठशीर्षक | उच्चारणगत कठिन शब्द<br>अर्थगत कठिन शब्द सङ्ख्या | |
|---|---|---|---|
| कविता | त्यै बेलादेखि नेपाली<br>रिस<br>इच्छा | १४ | ७<br>१३<br>११ |
| जम्मा | | १४ | ३१ |
| कथा | मखमली थैली<br>इमानदारीको जाँच<br>कुमार यवकृत र बुढा मान्छे | १०<br>२७<br>२४ | ६<br>६<br>१८ |
| जम्मा | | ६१ | ३० |
| निबन्ध/प्रबन्ध | सिंह केही तथ्य<br>फुटबल<br>अन्धाअन्धी गुफा | १०<br>१२<br>२४ | १०<br>६<br>१७ |
| जम्मा | | ४६ | ३३ |
| जीवनी | अरनिको | १५ | २० |
| जम्मा | | १५ | २ |
| रूपक | किताब उपयोगी कि पत्रिका (वादविवाद) | १८ | १० |
| जम्मा | | १८ | १० |
| चिठी | चिठी चपेटा (चिठी) | १६ | ८ |
| जम्मा | | १६ | ८ |
| जम्मा | | | |

स्रोतः कक्षा छको वैखरी (२०७१)

वैखरी पाठ्यपुस्तकमा भएका पाठगत विधागत रूपमा उच्चारण सम्बन्धी कठिनाइ भएका नयाँ शब्द र अर्थगत कठिनाइ भएका नयाँ शब्द सङ्कलन गर्दा उच्चारणगत १०८ ओटा अर्थगत १०४ ओटा जम्मा शब्द रहेकां छन् । यस्ता शब्दहरू प्रत्येक पाठमा नदोहोरिएकाले यी शब्दहरूलाई पाठ्यपुस्तकमा भएका नयाँ शब्दभण्डार मान्न सकिन्छ ।

यसरी दुई पाठ्यपुस्तक (नेपाली र वैखरी ) मा भएका शब्दभण्डारका आधारमा तुलना गर्दा नेपाली पाठ्यपुस्तक विधामा भएका शीर्षकका आधारमा उच्चारणगत, अर्थगत शब्दभण्डारका दृष्टिले समृद्ध देखिन्छ । नेपालीमा २० ओटा पाठका लागि उच्चारणगत कठिन भइका नयाँ शब्द १७० अर्थगत कठिन भएका २४६ ओठा शब्दहरू रहेका छन् र त्यसै गरी पाठहरूमा शब्दभण्डार खण्डमा पर्यायवाची, विपरीतार्थ, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, प्राविधिक/पारिभाषिक गरी जम्मा ३४२ ओटा शब्दहरू नयाँ शब्दका रूपमा विद्यार्थीलाई अभ्यासका लागि दिइएको छ । यो सङ्ख्या तह र स्तरअनुसार ठिकै मान्न सकिन्छ ।

यसरी नेपालीमा भन्दा वैखरीमा शब्दभण्डार थोरै देखिन्छ । उच्चारणगत कठिनाइ भएका १०८ ओटा अर्थगत कठिनाइ भएका नयाँ शब्दहरू १३५ रहेका छन् । पाठ्यपुस्तकमा भएका विधागत रूपमा हेर्दा कविता विधामा उच्चारणगत कठिनाइ भएका १४ ओटा अर्थगत ३१ ओटा प्रबन्ध/निबन्ध विधामा उच्चारणगत ३६ ओटा अर्थगत ३१ ओटा चिठी विधाअन्तर्गत उच्चारणगत १६ अर्थगत ८ रूपकमा उच्चारणगत १८ ओटा अर्थगत १० ओटा कथा विधामा उच्चारणतगत २४, अर्थगत ३२ ओटा कठिनाइ भएका नयाँ शब्दहरू वैखरीमा छन् ।

त्यस्तै शब्दभण्डार शीर्षकअन्तर्गत पर्यायवाची, विपरीतार्थ, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, अनेकार्थक, प्राविधिक/पारिभाषिक, तत्सम र आगन्तुक शब्द गरी २०१ ओटा शब्दहरू नयाँ देखिन्छन् । यो सङ्ख्या धेरै नै थोरै हो तर संस्थागत विद्यालयमा व्याकरण शिक्षणका रूपमा छुट्टै पुस्तक पढाइ हुने भएको पनि पाठ्यपुस्तक निर्माणमा  शब्दभण्डारका दृष्टिले नेपाली र वैखरीमा यस्तो अन्तर देखिएको हुन सक्छ । समग्रमा भन्दा वैखरीभन्दा नेपाली नै उपयुक्त देखिन्छ ।

### ४.२.७ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकमा राखिएका अभ्यासहरू पाठ्यपुस्तकको ज्ञानतिरभन्दा भाषिक सीप (सुनाइ, बोलाइ र लेखाइ) तर्फ बढी केन्द्रित हुन सक्नुपर्दछ । भाषा पाठ्यपुस्तकमा समावेश

गरिएका मूल पाठ्सँग नमुना अभ्यासहरू अन्तरसम्बन्धित हुन सक्नुपर्दछ (पौडेल, २०६६ : १६७) । अर्थात् निबन्ध विधाका पाठमा कविता रचना गर्ने र कविता रचना गर्ने र कविता विधामा निबन्ध लेख्ने, कथा विधामा जीवनी लेख्ने अभ्यास पर्नु हुँदैन। पूर्व पाठसँग सम्बन्धित अभ्यास हुन आवश्यक मानिन्छ। नेपाली पाठ्यपुस्तकमा प्रत्येक पाठ्यपुस्तकको समाप्तिपछि पाठगत अभ्यास त्यसपछि शब्दभण्डारपछि उच्चारण र हिज्जे त्यसपछि कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यास क्रमशः दिइएको छ। केही अभ्यासहरू सुनाइ, बोलाइ र पढाइ सीपसँग सम्बन्धित भए पनि अधिकांश लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू रहेका देखिन्छन् ।

पाठका मूल अभ्यासहरूमा उत्तर भन, ठिक बेठिक खाली ठाउँ भर, जोडा मिलाऊ, उत्तर लेख, भाव विस्तार, बुँदा टिपोट, शब्दभण्डारमा बोध, शब्द निर्माण अर्थ भन्ने, लेख्ने, जोडा मिलाउने, खाली ठाउँ भर्ने, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, उच्चारण गर्ने, शुद्ध लेख्ने, वर्णविन्यासका त्रुटिहरू पत्ता लगाउने, कार्यमूलक व्याकरण बोध, त्यसको प्रयोग अभ्यास र अन्त्यमा प्रत्येक विधासँग सम्बन्धित सिर्जनात्मक लेख्ने जस्ता विविध सीपसम्बन्धी अभ्यासहरू दिइएको छ, जुन उपयुक्त नै छ तर सुनाइ सीपसँग सम्बन्धित अभ्यासहरू न्यून दिइएको छ। यसलाई कमजोरी मान्न सकिन्छ।

वैखरी पाठ्पुस्तकमा प्रत्येक पाठमा मूल पाठभन्दा अगाडि पूर्वपठन भनेर समसामयिक वर्णन गर्न उपयुक्त बोलाइ सीपलाई विकास गर्न सक्ने सान्दर्भिक तस्विर, त्यसपछि जानी राख्नुपर्ने केही शब्दार्थहरू भनेर पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थसहितको सूची, त्यसपछि सुनाइ र बोलाइ सीपका अभ्यास र तस्विरहरू दिइएको पाइन्छ। त्यो अभ्यास पूर्ण गर्न छुट्टै शीर्षकसँग मिल्दाजुल्दा पाठहरू पछाडि प्रत्येक पाठका सुनाइ सीपका लागि तयार पारिएको सिडस्मा राखिएका पाठहरू छन्। जसले गर्दा विद्यार्थीहरूमा भाषिक सीप विकास गर्ने क्रममा सुनाइ र बोलाइ सीप विकासमा अन्य पाठ्यपुस्तकभन्दा वैज्ञानिक देखिन्छ।

मूल पाठ पछाडि पढाइ र बोलाइ सीप विकास गर्ने अभ्यास रहेका छन्। त्यसपछि मात्र लेखाइ सीप विकासका अभ्यासहरू अनि त्यसपछि क्रमशः शब्दभण्डार, व्याकरण, समूहमा भाषा र सिर्जना, लघु परियोजनाका अभ्यासहरू रहेको देखिन्छ। यसरी भाषिक सीप विकास गर्ने क्रममा पाठ्यवस्तु अनुसार अभ्यास ठिकै देखिन्छ।

तुलनात्मक रूपमा नेपाली र वैखरीमा भएका अभ्यासहरूलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ।

**तालिका नं. १३ नमुना अभ्यासको तुलना**

| नेपाली पाठ्यपुस्तक | | | | | | वैखरी पाठ्यपुस्तक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पाठ | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | पाठ | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा |
| १ | १ | १ | २ | १५ | १९ | १ | २ | ७ | ५ | १८ | ३२ |
| २ | ३ | ३ | ४ | १० | २० | २ | २ | ६ | ४ | १२ | २४ |
| ३ | १ | २ | ३ | १७ | २३ | ३ | ३ | ४ | ४ | १५ | २५ |
| ४ | २ | ३ | ३ | १४ | २२ | ४ | ३ | ९ | ६ | १८ | ३६ |
| ५ | १ | २ | ३ | १२ | १८ | ५ | ३ | १ | ५ | १९ | २७ |
| ६ | २ | २ | २ | २० | २६ | ६ | ३ | ८ | ९ | १९ | ३९ |
| ७ | १ | २ | ३ | १४ | २२ | ७ | २ | २ | १० | २२ | ३६ |
| ८ | | २ | १ | १८ | २१ | ८ | २ | २ | ९ | १९ | ३२ |
| ९ | १ | २ | ३ | १४ | १९ | ९ | ४ | ४ | ५ | २६ | ३९ |
| १० | १ | १ | २ | १५ | १९ | १० | ४ | ४ | १४ | २४ | ४६ |
| ११ | १ | २ | २ | १४ | १९ | ११ | ३ | ३ | ११ | २३ | ४० |
| १२ | १ | १ | ३ | १५ | २० | १२ | ३ | ३ | ११ | २५ | ४२ |
| १३ | ३ | १ | २ | १८ | २४ | | | | | | |
| १४ | २ | १ | १ | १६ | २० | | | | | | |
| १५ | | २ | २ | २० | २४ | | | | | | |
| १६ | २ | ३ | १ | १३ | १९ | | | | | | |
| १७ | २ | १ | १ | १६ | २० | | | | | | |
| १८ | २ | १ | २ | १८ | २३ | | | | | | |
| १९ | २ | २ | ३ | १२ | १९ | | | | | | |
| २० | १ | १ | १ | १५ | १८ | | | | | | |
| जम्मा | २९ | ३५ | ४४ | ३०२ | ४१५ | जम्मा | ७८ | ३४ | ५३ | २४३ | ४०८ |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

पाठ्यपुस्तकमा भएका नमुनालाई तालिका माथि प्रस्तुत गरी हेर्दा नेपाली पाठ्यपुस्तकका २० ओटा पाठमा जम्मा ४१५ ओटा अभ्यास छन्। सुनाइ सीप सम्बन्धी २९, बोलाइ सीप सम्बन्धी ३५ र पढाइ सीप सम्बन्धी ४४ तथा लेखाइ सीप अन्तर्गत ३१५ ओटा अभ्यास रहेका छन्। २० ओटा पाठलाई औसतमा भाषिक सीपसँग तुलना गर्दा विश्लेषण सुनाइ अत्यन्त न्यून भएको त्यसै बोलाइ, पढाइ सम्बन्धी सीप सुनाइमा तुलनामा बढी भए तापनि

लेखाइ सीपका अभ्याससँग तुलना गरेर हेर्दा भाषिक सीप सन्तुलनमा कमजोरी नै देखिन्छ। नेपालीमा अभ्यास अभ्यास भने पर्याप्त नै देखिन्छ।

वैखरी पाठ्यपुस्तकको १२ ओटा पाठमा जम्मा ४०८ ओटा अभ्यास छन्। सुनाइ सीपसम्बन्धी ३४, बोलाइ सीपसम्बन्धी ५३ र पढाइ सीपसम्बन्धी ८४ तथा लेखाइ सीप अन्तर्गत २४३ ओटा अभ्यास रहेका छन्। यस पाठ्यपुस्तकलाई भाषिक सीप विकासमा छुट्टै सुनाइ सीपका लागि सन्दर्भिक पाठहरूलाई सिडीमा तयार पारेर उक्त पाठहरूलाई पाठ्यपुस्तकको पछाडि भागमा दिएर अभ्यास अगाडि नै पाठैपिच्छे दिइएकाले अन्य पाठ्यपुस्तकभन्दा पाठ सङ्ख्या अनुसार नै अलिक व्यवस्थित र वैज्ञानिक बनाउन खोजिएको देखिन्छ। यसरी अन्य सीप पनि उपशीर्षकका रूपमा सीपलाई दिएर त्यसमा प्रत्येकमा अभ्यास दिइएकाले भाषिक विकास गर्ने क्रममा भाषिक सीप संयोजनको विश्लेषण गर्दा नेपालीमा भन्दा वैखरीमा बढी उपयुक्त तर पाठ सङ्ख्या कम र लेखाइ सीपका अभ्यासको नै बाहुल्यता भने यसको कमजोरी नै मान्न सकिन्छ। नेपालीमा बढीमा २६ ओटा अभ्यास देखिन्छन् भने वैखरीमा ४६ ओटासम्म अभ्यासहरू दिइएको छ। दुवै पाठ्यपुस्तकमा भएका अभ्यासहरूलाई कम भन्न मिल्दैन तर सीप सन्तुलनमा केही न केही कमजोरी दुवैमा भए तापनि समग्रमा भन्नुपर्दा नेपालीका तुलनामा नमुना अभ्यासका दृष्टिले वैखरी उपयुक्त नै देखिन्छ।

### ४.२.८ चित्रहरू

भाषा पाठ्यपुस्तकमा सान्दर्भिक र आकर्षक चित्रहरूको व्यवस्थापन गर्नाले पाठ्यपुस्तकको पठनपाठनमा सहयोग पुग्दछ। समावेश गरिएका भित्रहरू पठ्यपुस्तकको आशय, त्यसबाट सिकाइने भाषिक सीप, विषयगत ज्ञान र धारण अनुकूल हुनुपर्दछ (पौडेल, २०६६ : १६५)। चित्रहरू सफा आकर्षक र पाठ्यवस्तु अनुरूप सुहाउँदो आकारका पाठ्यपुस्तकलाई स्पष्ट र चिरस्थायी सिकाइ बनाउन सहयोग गर्नुपर्छ। नेपाली पाठ्यपुस्तकमा भएका २० ओटा पाठहरूमा दाजुलाई चिठी, युमादेवीको अवतरण कथा, प्रधानाध्यापकलाई निवेदन, वातावरणको रक्षा (प्रबन्ध) गरी ४ ओटा पाठ बाहेक अन्य १६ ओटा पाठमा पाठ्यपुस्तक सुहाउँदा चित्रहरू दिइएको छ, जुन सबै राम्रै छन्। चित्रहरू साना भए तापनि बुझिने र आशय दिन सक्ने नै छन्। चिठी विधामा चित्र नहुनु सामान्य नै हो तर कथा र प्रबन्धमा चित्र नहुनु भनेको पाठ्यपुस्तकको कमजोरी नै हो। अरू केही नभए पनि सम्बन्धित विषयवस्तुमा मेल खाने वातावरण संरक्षण गर्दै गरेको तस्विर त राख्न सकिन्थ्यो। वैखरीमा

१२ ओटा पाठमध्ये ११ ओटा पाठमा छन् । एउटा चिठीमा छैन, खासै चिठीमा निबन्धमा नभए तापनि कमजोरी मान्न सकिँदैन । अन्य ११ ओटा पाठमा पाठ्यवस्तु सुहाउँदिला चित्रहरू रहेका छन् । चित्रहरू केही रङ्गीन र केही श्यामश्वेत छन् । प्रत्येक पाठभन्दा अगाडि पूर्वपठन खण्डमा दिइएका प्रायः सबै चित्रहरू स्पष्ट छन् । यसरी वैखरीमा पूर्वपठनमा बोलाइका लागि र अभ्यासमा शिक्षण सामग्रीका रूपमा रहेका भित्रहरू वर्णन गर्न योग्य सान्दर्भिक रहेका छन् । दुवै पाठ्यपुस्तकमा भएका पाठहरू र चित्र सङ्ख्याहरू स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. १४ दुवै पाठ्यपुस्तकमा भएका पाठहरू र चित्र सङ्ख्याहरू**

| नेपाली पाठ्यपुस्तक | | वैखरी पाठ्यपुस्तक | |
|---|---|---|---|
| पाठ सङ्ख्या | चित्र सङ्ख्या | पाठ सङ्ख्या | चित्र सङ्ख्या |
| १ | १ | १ | २८ |
| २ | २ | २ | २२ |
| ३ | २ | ३ | ७ |
| ४ | १ | ४ | १० |
| ५ | १ | ५ | १७ |
| ६ | १ | ६ | १५ |
| ७ | १ | ७ | ४ |
| ८ | २ | ८ | २४ |
| ९ | | ९ | ९ |
| १० | | १० | १३ |
| ११ | १ | ११ | १० |
| १२ | १ | १२ | १७ |
| १३ | २ | | |
| १४ | १ | | |
| १५ | | | |
| १६ | १ | | |
| १७ | १ | | |
| १८ | | | |
| १९ | १ | | |
| २० | २ | | |
| जम्मा | २२ | जम्मा | १७५ |

स्रोतः कक्षा छको नेपाली र वैखरी (२०७१)

प्रस्तुत माथिको तालिकामा चित्र सङ्ख्या नेपालीमा २२ ओटा र वैखरीमा १७५ ओटा रहेका छन् भने वैखरीमा पाठ सङ्ख्या थोरै भए तापनि चित्र सङ्ख्या बढी छन् किनभने वैखरीमा पूर्वपठन भनेर तस्विरको प्रयोगबाट वर्णन गर्ने चित्रहरू छन् । बोलाइ, लेखाइ, पढाइको अभ्यासमा पनि प्रशस्त चित्रहरू राखिएकाले सङ्ख्याको तुलनात्मक रूपमा बढी देखिन्छ ।

यसरी राखिइको चित्र बढी भए पनि पाठ्यवस्तुलाईसहयोग पुऱ्याउने, भाषिक सीपलाई विकास गर्न सहज छन् ।

अधिकांश चित्रहरू रङ्गीन भएकाले हेर्दा आकर्षक र स्पष्ट छन् साथै विषयवस्तुको भाव वा आशयलाई समेत स्पष्ट प्रकट गरेका छन् तर नेपाली पाठ्यपुस्तकमा भने अत्यन्त थोरै छन् । २० ओटा पाठमा २२ ओटा मात्र चित्रहरू छन् । ४ ओटामा त चित्रै छैनन्, केवल पाठ मात्रै लामालामा छन् ।

निष्कर्षमा भन्दा प्रयोग र संयोजनका दृष्टिले नेपाली किताबमा भन्दा वैखरी धेरै उपयुक्त छ । वैखरीमा विषयवस्तुको भाव, भाषिक सीपअनुसार पाठको सुरु, मध्य र अन्त्यमा आवश्यकताअनुसार चित्रहरू राखिएका छन् तर नेपालीमा कतिपय शीर्षकमा चित्रै राखिएका छैनन् । राखिएका ठाउँमा पनि पाठको सुरुमा १-२ ओटा राखिएको पाइन्छ । चित्र कम भएकाले आशय तथा अर्थ बताउन सकेका पूर्णरूपले छैनन् ।

### ४.२.९ अन्य विविधता

अन्य विविध भन्नाले भूमिका, विषयसूची, शब्दसूची, सन्दर्भ सूची, शिक्षण सामग्री, सङ्केत, शिक्षक, अभिभावकलाई निर्देशन, प्रकाशक संस्था, लेखक, अतिरिक्त सामग्री आदि पर्दछन् । यस्ता अतिरिक्त विविध पक्षको उचित समायोजन पाठ्यपुस्तक गुणस्तरीय र सरल हुन्छ ।

नेपाली पाठ्यपुस्तकमा हाम्रो भनाइ शीर्षकको भूमिकामा आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा छदेखि आठ) को २०६९ अनुसार पाठ्यपुस्तक तयार भएको देशका विभिन्न विद्यालयमा परीक्षा गरी प्राप्त सुझावका आधारमा पुनः परिस्कार गरी देशव्यापी रूपमा प्रयोग गर्ने गरी नयाँ सन्दर्भअनुसार पाठ्यपुस्तकमा परिवर्तन गरिएको, पाठ्यपुस्तक प्रकाशनमा सहयोग गर्ने व्यक्तिहरू आदिका बारेमा जानकारी दिइएको छ । आवरणदेखि भित्रको पृष्ठमा लेखकको नाम र प्रकाशकको नाम तथा ठेगाना त्यसपछिको पृष्ठमा मुद्रक तथा वितरणको नाम संस्करण अनि पाठ्यक्रम विकास केन्द्रको अनुमतिबिना कसैले यो पाठ्यपुस्तक छाप्न नपाइने र छपाइएका सम्बन्धमा भएको त्रुटि फेला परेमा पाठ्यपुस्तक साट्न अनुरोध गरिएको छ । यो पछाडिको पृष्ठमा क्र.सं. शीर्षक विधा र पृष्ठसङ्ख्या सहितको विषयसूची दिइएको छ । सन्दर्भसूची, शिक्षक, अभिभावकलाई निर्देशन, सन्दर्भ सामग्री शैक्षिक सामग्रीका अतिरिक्त शब्दसूची आदि केही पनि उल्लेख भएको छैन ।

वैखरी पाठ्यपुस्तकमा आवरणदेखि भित्रको पृष्ठमा लेखकको नाम तथा प्रकाशकको नाम र ठेगाना दिइएको छ। त्यसको अर्कापट्टि फेरि लेखकको सम्पादन सर्वाधिकार, संस्करण ग्राफिक्स चित्राङ्कन, प्रकाशक, मुद्रक दिइएको छ। अर्को पृष्ठमा प्राक्कथन भनेर भाषाशिक्षण्को उद्देश्य वैखरीको अर्थ र भाषिक सीपको अन्तरसम्बन्ध केलाउनुका साथै सबै पक्षलाई धन्यवाद टक्र्याउँदै यसका प्रयोक्ता तथा विज्ञहरूबाट यसलाई अझ त्रुटिहीन र स्तरीय बनाउन आवश्यक सुझावहरू प्राप्त हुने आशा प्रकट गर्नुका साथै भनाइ प्रस्तुत गरेका छन् । यो पृष्ठ पछाडि विधा र पृष्ठ सङ्ख्यासहितको विषयसूची दिइएको छ ।

प्रत्येक पाठ अगाडि पाठ शीर्षक दिएर पाठ पढ्नु अघि विद्यार्थीहरूले जान्नुपर्ने कुरा पूर्वपठन शीर्षकमा विभिन्न चित्रहरू दिएर त्यसका बारेमा भन्न र लेख्न लगाइएको छ र त्यसैका छेउमा विद्यार्थीले सिक्नैपर्ने कुरा दिइएको छ। शिक्षक, अभिभावकलाई निर्देशन सन्दर्भ सामग्री, शैक्षिक सामग्री, अतिरिक्त शब्दसूची आदि केही पनि दिइएको छैन तर प्रत्येक पाठमा अभ्यासको अन्त्यमा सामूहिक कार्यअन्तर्गत समूहमा भाषा भनेर अभ्यास सिर्जनात्मक अभ्यासहरू पाठसँग सम्बन्धित अभ्यास दिइएको देखिन्छ ।

यसरी समग्रमा दुवै पाठ्यपुस्तकमा शैक्षिक सामग्री स्पष्ट निर्देशन नभए तापनि वैखरीमा नमुना अभ्याससँगै आवश्यक चित्रहरू पनि मार्ग निर्देशित गरेको पाइन्छ। पूर्वज्ञान जाँच्न पूर्वपठनका अभ्यासहरू मूलपाठको अगाडि रमूलपाठ पछाडि भाषिक सीपका छुट्टाछुट्टै अभ्यास दिइएको तर त्यो पनि नेपालीमा छैन । शिक्षक, अभिभावक र विद्यार्थी तीनै पक्षलाई पाठ्यपुस्तक प्रयोग, उपयोगको तरिका साथै पठ्न विधि र अभ्यास खण्डमा अभ्यास कसरी गर्ने वा गराउने भन्ने आवश्यक निर्देशन दुवै पाठ्यपुस्तककमा पाठहरूमा दिइएको भई पाठ्यक्रम प्रयोगमा अझ सरल सहज र स्पष्ट हुने थियो ।

यसरी एउटै तहका एउटै कक्षामा विशेष त एउटै उमेर समूहका विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा नेपाली र संस्थागतका केही विद्यालयमा पठनपाठनमा प्रयोग हुँदै गरेका दुई पाठ्पुस्तकको बाह्य र आन्तरिक आधारमा सूक्ष्म गहन तुलनात्मक अध्ययन गर्दा प्रचुर मात्रामा समानता र असमानता देखिन्छन् ।

निष्कर्षमा भन्नुपर्दा दुवै पाठ्यपुस्तकका आन्तरिक, प्राज्ञिक पक्ष र बाह्य भौतिक पक्षमा समानता र असमानता सबल र दुर्बललाई केलाउँदा भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणका दृष्टिले कक्षा छका नेपाली र वैखरी दुवै पाठ्यपुस्तकले आन्तरिक बाह्य पक्षबाट उचित

ढङ्गले समेट्न नसकेको देखिन्छ भने आन्तरिक र प्राज्ञिक पक्षमा नेपालीभन्दा वैखरी उपयुक्त देखिन्छ । बाह्य भौतिक पक्षमा नेपालीभन्दा वैखरी उपयुक्त देखिएका छन् ।

## ४.३ समानता र असमानता

प्रस्तुत पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गर्दा निम्नअनुसारका समानता र असमानता देखिएका छन् । यसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**समानता**

क) दुवै भाषापुस्तकमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्ने उद्देश्यका दृष्टिले समान देखिन्छन् ।

ख) दुवै पाठ्यपुस्तकमा तुलनात्मक रूपमा लेखाइ र पढाइ सीपका अभ्यास बढी रहेको पाइन्छ ।

ग) दुवै पाठ्यपुस्तकमा कविता विधाका पाठसङ्ख्याहरू समान रहेका छन् ।

घ) दुवै पाठ्यपुस्तकका सिकारुमा सिर्जनात्मक क्षमताको विकास गर्न सिर्जनात्मक अभ्यास राखिइएको पाइन्छ ।

ङ) दुवै पाठ्यपुस्तक आकार विषयसूची लेखक तथा प्रकाशकको जानकारी आदि समान रहेको पाउन सिकन्छ ।

च) दुवै पाठ्यपुस्तकमा बाह्य विशेषता अन्तर्गत पर्ने पाठ्यपुस्तकलाई टिकाउ राख्न गरिने बँधाइमा भने कमजोरी रहेको देखिन्छ ।

छ) दुवै पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देशन गरेका विधागत क्षेत्र समान देखिन्छ ।

यसरी दुवै पाठ्यपुस्तकमा आकार प्रकार, विषयसूची लेखक तथा प्रकाशकको जानकारी बँधाइमा भएको कमजोरी र पाठ्यक्रमले निर्देशन गरेका विधाका क्षेत्र भने समान रहेको देखिन्छ । शिक्षक अभिभावकलाई निर्देशन सामग्री, शैक्षिक सामग्री, अतिरिक्त शब्दसूची आदिको स्पष्ट निर्देशन भने दुवै पाठ्यपुस्तकमा खासै पाइँदैन । उक्त दुवै पाठ्यपुस्तकमा समानता हुँदाहुँदै पनि केही असमानता आन्तरिक र बाह्य पक्षमा देखिएका छन् जुन तल उल्लेख गरिएका छन् ।

**असमानता**

क) भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज गुणस्तरयुक्त हुनुपर्ने भए तापनि नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त कागजको गुणस्तर कमजोर देखिन्छ ।

ख) पाठ्यपुस्तकको मूल्य सुलभ हुनु पर्नेमा वैखरीमा दुई सय पचास रहेको छ भने नेपालीमा सरकारी स्तरबाट नै वितरण हुने भएकाले मूल्यमा असमानता देखिन्छ ।

ग) वैखरीमा अक्षरलाई रङ्गीन बनाएर शीर्षक उपशीर्षक कठिन शब्द आदिलाई आवश्यक आकार अनुसार प्रस्ट बुझिने गरी राखिएको पाइन्छ भने नेपालीमा खासै एकै रङ र आकारका शब्द मात्र पाइन्छन् ।

घ) पाठको प्रस्तुतीका दृष्टिले वैखरीमा पूर्वपठनमा अभ्यास भनेर सुनाइ र बोलाइका अभ्यास (शब्द अर्थ) राखिएका छन् तर नेपालीमा छैन ।

ङ) वैखरीमा विषयवस्तुको आशय बुझाउने आवश्यक चित्र संस्था पर्याप्त छन् भने नेपालीमा अति न्यून रहेको पाइन्छ ।

च) भाषिक सीप विकासलाई सन्तुलित रूपमा विकास गर्न वैखरीमा सुनाइका लागि सिडीमा भरेका छुट्टै मूल पाठसँग सम्बन्धित पाठ शीर्षक तयार गरी अभ्यास राखेको पाइन्छ तर नेपालीमा त्यस्तो कुनै व्यवस्था गरिएको पाइँदैन ।

छ) विधागत क्षेत्र समान भए तापनि नेपालीमा पाठ शीर्षक सङ्ख्या २० र वैखरीमा १२ रहेका छन् ।

ज) नेपालीमा ४ ओटा नीति कथा, लोक कथा, ऐतिहासिक कथा र पौराणिक कथा छन् भने वैखरीमा ३ ओटा कथा पौराणिक क्षेत्रलाई समेटिएका कथा रहेका छन् ।

झ) वैखरीमा बोलाइ सीपका लागि विविध क्षेत्रका विशिष्ट चित्रहरू वर्णन गर्न राखिएको पाइन्छ भने नेपालीमा त्यस्तो कुनै व्यवस्था देखिँदैन ।

समग्रमा भन्दा वैखरीमा प्रयुक्त पाठ सङ्ख्या भाषिक सीप विकासका लागि दिइएका अभ्यास शब्दभण्डारको सङ्ख्या आदि नेपालीमाभन्दा कम छन् भने नेपालीमा पाठ सङ्ख्या अभ्यासको सङ्ख्या र शब्दभण्डार सङ्ख्या तुलनात्मक रूपमा बढी रहेको देखिन्छ । साथै वैखरीमा मूल्य समूहमा भाषा चित्र सङ्ख्या र सुनाइ बोलाइका लागि अभ्यास बढी देखिन्छ ।

## ४.४ सबल र दुर्बल पक्ष

प्रस्तुत पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गर्दा निम्नअनुसारका सबल र दुर्बल पक्षहरू देखिएका छन् । यसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**वैखरीको सबल पक्षहरू**

क) भाषापाठ्यपुस्तकमा प्रयुक्त बाह्य भौतिक आधार अन्तर्गत आवरण आकर्षक बाक्लो बलियो साथै उचित रङ्ग र प्रतिबिम्बित चित्र हुनु ।

ख) पाठ्यपुस्तकको आकार प्रकार अथवा बनावटस्वरूपको लम्बाइ २० से.मी. र चौडाइ १४ से.मी. रहेको पाइनु ।

ग) पाठ्यपुस्तकमा प्रयुक्त कागज सेतो चिप्लो बाक्लो साथै आकर्षक भएकाले कागजको गुणस्तर राम्रो हुनु ।

घ) कक्षाको स्तरअनुसार अक्षरको तलमाथि ठाउँ छोडाइ कठिन शब्दलाई आकर्षक र पढ्दा स्पष्टसँग अक्षराकार र ठाउँ छोडाइको मिलन गराइएको देखिन्छ ।

ङ) पाठ्यक्रमले तोकेअनुसार विधाका क्षेत्र समावेश गरिएको देखिन्छ ।

च) विषयवस्तुको आशय र अर्थ स्पष्ट पार्न विषयवस्तुसँग सान्दर्भिक चित्र वैखरीमा पर्याप्त राखिएको पाइन्छ ।

छ) भाषा सिकाइलाई सहज र चिरस्थायी बनाउन मूलपाठभन्दा अगाडि पूर्वपठन भनेर सुनाइ र बोलाइका अभ्यास साथै शब्द अर्थ राखिएको पाइन्छ ।

ज) भाषिक सीप विकास गर्न सोही अनुकूलमा नमुना अभ्यास राखिएको पाइन्छ ।

**नेपालीका सबल पक्षहरू**

क) नेपाली पाठ्यपुस्तक नेपाल सरकारद्वारा वितरण हुने भएकाले मूल्य सुलभ रहेको पाइन्छ ।

ख) भाषा पाठ्यक्रमको मर्म अनुसार पाठ्यपुस्तक निर्माण भएको पाइन्छ ।

ग) भाषिक सीप विकासका लागि पाठ्यपुस्तकमा पर्याप्त पाठ सङ्ख्या र नमुना अभ्यास रहेको पाइन्छ ।

घ) नेपाली पाठ्यपुस्तकमा कार्यमूलक व्याकरणलाई आगमन विधिलाई ख्याल गरेर सरलदेखि जटिलको क्रममा राखिएको पाइन्छ ।

यसरी समग्रमा भन्नुपर्दा विधागत क्षेत्रमा एकरूपता पर्याप्त नमुना अभ्यास साथै पर्याप्त शब्दभण्डार र समसामयिक विषयवस्तु समावेश गरी भाषिक सीपको विकास गर्ने उद्देश्य दुवै पाठ्यपुस्तकले राख्नु नै पाठ्यपुस्तका सबल पक्ष मान्न सकिन्छ । यसरी पाठ्यपुस्तकमा पर्याप्त सबल पक्ष हुँदाहुँदै पनि केही न केही अवगुण रहेका छन् ।

**वैखरीका दुर्बल पक्षहरू**

क) पाठ्यपुस्तकको बाह्य आधारअनुसार वैखरीको मूल्य रहेको छ। सर्वसाधारणका लागि बढी देखिन्छ।

ख) विधागत क्षेत्र समेटिए पनि विधागत पाठ सङ्ख्या कविता विधा बाहेक अन्य विधा कम भएकाले पाठ सङ्ख्या १२ वटा मात्र रहेको छ।

ग) कार्यमूलक व्याकरण उदाहरण नदिइकन व्याकरणका लागि एकैचोटि नमुना अभ्यास दिइएकाले केही जटिलजस्तो देखिन्छ।

घ) वैखरीमा आगन्तुक शब्दका रूपमा धेरै अङ्ग्रेजी भाषाका शब्द प्रयोग भएको देखिन्छ।

ङ) भाषा पाठ्यपुस्तकको बँधाइ टिकाउ बनाउन धागोले सिलाउनु पर्नेमा स्टेप्लर प्रयोग गरेकाले बँधाइ उपयुक्त र टिकाउ देखिँदैन।

च) भाषा पाठ्यपुस्तक जुनसुकै पुस्तक पसलमा सुलभ तरिकाले पाउनु पर्नेमा विद्यालयले तोकेको निश्चित ठाउँमा मात्र पाउन सकिन्छ।

**नेपालीका दुर्लब पक्षहरू**

क) पाठ्यपुस्तकमा प्रयुक्त कागज बाक्लो, भहकिलो हुनुपर्नेमा कागज र मसी कम गुणस्तरको भएकाले सहजै च्यातिने, अक्षर मधुरो रहेको पाइन्छ।

ख) पाठ्यपुस्तकमा प्रयुक्त पाठको आशय व्यक्त गर्ने, चित्रको सङ्ख्या कम हुनका साथै वातावरणको रक्षा (प्रबन्ध)मा कुनै पनि चित्र नै नभएको देखिन्छ।

ग) भाषा पाठ्यपुस्तकमा भाषिक सीप विकास गर्ने क्रममा सुनाइ र बोलाइ सीपलाई तुलनात्मक रूपमा अत्यन्त कम राखेको देखिन्छ।

घ) लेखाइ र पढाइ सीप विकासका अभ्यास अत्यन्तै धेरै रहेर भाषिक सीपको खासै सन्तुलन देखिँदैन।

ङ) उच्चारण गर्न कठिन शब्द र शब्दार्थलाई पूर्वपठनको रूपमा मूलपाठभन्दा अगाडि राखिएको देखिँदैन।

च) पाठ्यपुस्तकको मूल्यमा सुलभता भए तापनि समयमा आवश्यक ठाउँमा उपलब्ध नभएको पाइन्छ।

पाठ्यपुस्तक निर्माण गर्दा त्यसका आन्तरिक र बाह्य पक्षलाई विशेष ध्यान दिएर निर्माण गर्दागर्दै त्यसमा भएका कमी कमजोरीलाई नै दुर्लब पक्ष भनिन्छ।

# अध्याय पाँच
# सारांश, निष्कर्ष र सुझाव

## ५.१ सारांश

पाठ्यपुस्तकको तुलनात्मक कार्य अध्ययन विश्लेषण जटिल कार्य हो। भाषा पाठ्यपुस्तकका एकै तहका दुई पाठ्यपुस्तकको अध्ययन र तुलना गर्न चुनौतीपूर्ण नै हुन्छ। यस्तो अध्ययनका लागि दुवै पाठ्यपुस्तकको सम्बन्धित पक्षलाई सूक्ष्म रूपमा केलाउनुपर्ने हुन्छ। एउटै तहगत उद्देश्य र पाठ्यक्रमका आधारमा निर्मित पाठ्यपुस्तकको तुलना गर्दा पाठ्यपुस्तकका बाह्य, भौतिक विशेषता, आवरण, आकारप्रकार, कागजको गुणस्तर, छपाइ र बँधाइ, अक्षराकार र ठाउँ छोडाइ, मूल्य र सुलभता साथै आन्तरिक एवम् प्राज्ञिक विशेषताहरू (विषयवस्तु विधाको छनोट, पाठको प्रस्तुतीकरण र विविधता, भाषा, चित्र, नमुना अभ्यास र अन्य)को तुलना गरिएको छ।

## ५.२ निष्कर्ष

पाठ्यपुस्तकमा हुनुपर्ने विशेषता वा पाठ्यपुस्तक विश्लेषण तुलनाका आधारहरू कुन पाठ्यपुस्तकमा उपयुक्त छ। दुवै पाठ्यपुस्तकका आन्तरिक, प्राज्ञिक पक्ष र बाह्य भौतिक पक्षमा के कति समानता र असमानता सबल र दुर्बल के कस्ता छन् भनी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। कक्षा छका नेपाली र वैखरीको तुलना गर्दा यी भाषा पाठ्यपुस्तकमा निम्न तथ्यहरू प्राप्त भएको छ। जसलाई निष्कर्षका रूपमा यसरी बुँदागत रूपमा प्रस्तुत गर्न सकिन्छ :

क) भाषा पाठ्यपुस्तकमा हुनुपर्ने गुणमा दृष्टिले कक्षा छका नेपाली र वैखरी दुवै पाठ्यपुस्तकले आन्तरिक बाह्य पक्षबाट उचित ढङ्गले समेट्न नसकेको देखिन्छ।

ख) आन्तरिक र प्राज्ञिक पक्षमा नेपालीभन्दा वैखरी उपयुक्त देखिन्छ।

ग) बाह्य भौतिक पक्षमा नेपालीभन्दा वैखरी उपयुक्त देखिन्छ।

घ) दुवै भाषा पाठ्यपुस्तकमा सबल र दुर्बल पक्षहरू औंल्याउँदा वैखरीमा नै सबल पक्षहरू बढी छन्।

ङ) दुवै पाठ्यपुस्तकहरू आधारभूत पाठ्यक्रम (६-७) २०६९ अनुरूप नै तयार भएका र विधागत विविधता पनि कायम भएको तर विधागत पाठसङ्ख्या नेपालीमा भन्दा वैखरीमाल कम भएको देखिन्छ ।

च) दुवै पाठ्यपुस्तकहरूको सुरुवात कविता विधाबाट भएको र दुवै पाठ्यपुस्तकमा कथाको पाठहरू बढिरहेका छन् ।

छ) पाठ्यपुस्तकका आकार र पृष्ठ सङ्ख्या वैखरी ठूलो भए तापनि पाठ सङ्ख्या नेपालीमा २० र वैखरीमा १२ ओटा रहेका छन् भने पृष्ठ सङ्ख्या वैखरीमा १६७ नेपालीमा १४८ रहेको छ ।

ज) दुवै पाठ्यपुस्तकमा बालमनेविज्ञान अनुरूप रुचिपूर्ण र रोचक पाठ्वस्तु रहेका छन् तथापि नेपालीमा वैखरीभन्दा भाषिक दृष्टिले सरल देखिन्छ ।

नेपालीमा २० ओटा पाठमा ४१५ ओटा अभ्यास र वैखरीमा १२ ओटा पढाइ, लेखाइका १२ ओटा सिडीमा तयार पारेका सुनाइका पाठहरू गरी ४० ओटा अभ्यास रहेका छन् । यसरी हेर्दा अभ्यास सङ्ख्या नेपाली पाठ्यपुस्तकमा केही बढिरहेको देखिन्छन् । दुवै पाठ्यपुस्तकमा मूलपाठसँग सम्बन्धित विविधतायुक्त अभ्यासहरू दिइएको तुलनात्मक रूपमा भाषिक सीपका आधारमा वैखरी उपयुक्त देखिए तापनि व्याकरणात्मक दृष्टिले नेपाली उपयुक्त देखिन्छ ।

नेपाली पाठ्यपुस्तकमा प्रत्येक पाठहरूलाई शीर्षक मूलपाठ, मूलपाठसँग शब्दार्थ, पाठ सम्बन्धी मूल अभ्यास, शब्दभण्डार, उच्चारण र हिज्जे, कार्यमूलक व्याकरण र सिर्जनात्मक अभ्यासका क्रममा क्रमशः राखिएको छ भने वैखरी पाठ्यपुस्तकका प्रत्येक पाठहरूलाई शीर्षक पूर्वपठन साथै जानिराख्नुपर्ने केही शब्दार्थ सुनाइका अभ्यासहरू बोलाइका केही चित्र त्यसपछि मूलपाठ अनि क्रमशः पढाइ र लेखाइ, लेखाइ शब्दभण्डार व्याकरण समूहमा भाषा र लघु परियोजनाका अभ्यास रहेका छन् । नेपालीमा सामुहिक अभ्यास दिइएका छैनन् । वैखरीमा उच्चारणगत कठिन शब्द, हिज्जेमा लागि १०८ ओटा, अर्थगत कठिन १४५ ओटा शब्दको अर्थ दिइएको छ यी शब्दभण्डारलाई नवीन मान्दा वैखरीमा भन्दा नेपालीमा नवीन शब्दको ज्ञान बढिरहेको देखिन्छ ।

शब्दार्थ प्रयोगका दृष्टिले नेपाली पाठ्यपुस्तक उपयुक्त छ किनभने यसमा कठिन शब्दार्थ खोज्न अर्को पृष्ठ पल्टाउनु पर्दैन। यही पृष्ठमा शब्दार्थ भेटिन्छन् तर वैखरी नेपालीमा पाठको सुरुमा नै एकै ठाउँमा शब्दार्थ सूची दिइएको शब्दको अर्थ खोज्न अगाडि फर्कनुपर्ने देखिन्छ। चित्र प्रयोगका दृष्टिले वैखरी उपयुक्त देखिन्छ किनभने यसमा प्रत्येक पाठमा पाठ्यवस्तु सुहाउँदा र प्रशस्त बोलाइ सीपका लागि पढाइका लागि आशय प्रधान गर्ने प्रशस्त उपयुक्त चित्रहरू छन् तर नेपालीमा पाठको आशय बताउन पनि कुनै पाठमा त चित्रै नभएको देखिन्छ।

क) आवरण पृष्ठ, कागजको गुणस्तर, मसीको प्रयोग र छपाइ वैखरी उपयुक्त देखिन्छ। मूल्य भने अलि चर्को नै देखिन्छ तर सरकारी स्तरबाट नेपाली भने निःशुल्क वितरण गरिन्छ।

ख) दुवै पाठ्यपुस्तकमा विद्यार्थीको स्तरअनुरूप भाषा प्रयोग गर्न खोजिएर पनि तुलनात्मक रूपमा वैखरीमा बढी भाषिक कठिनाइ देखिन्छ।

ग) दुवै पाठ्यपुस्तकमा लेखाइ सीपमा अभ्यासहरू बढी दिइएको देखिन्छ।

घ) सुनाइ सीपका दृष्टिमा वैखरीमा उपयुक्त तरिकाले छुट्टै प्रत्येक पाठमा मिल्ने सिडीमा तयार गरेको पाठहरू छन् भने नेपालीमा सुनाइ सीपमा लागि खासै कुनै महत्व दिइएको देखिँदैन।

ङ) दुवै पाठ्यपुस्तकमा सरल वाक्यको अधिक्यता भए तापनि अनियन्त्रित रूपमा सर्ग समास, संयोजक, असमापिका क्रियासहित र मिश्र वाक्यको प्रयोगले भाषिक संरचना जटिल बनाएको देखिन्छ।

च) दुवै पाठ्यपुस्तकमा औसतमा ९.१४ शब्दसम्म वाक्य प्रयोग गरेको देखिन्छ।

छ) २-२० शब्दसम्मका वाक्यहरू रहेका छन् र वैखरी नेपालीमा ३ देखि ४० शब्दसम्मका वाक्यहरू रहेका देखिन्छन्।

समग्रमा भन्दा भौतिक र भाषिक सीपको सन्तुलनका दृष्टिले वैखरी उपयुक्त छ भने शब्दभण्डार र पाठका दृष्टिले नेपाली उपयुक्त देखिन्छ।

## ५.३ सुझाव

प्रस्तुत **कक्षा छको नेपाली र वैखरीको तुलना** शीर्षकको शोधपत्रलाई शैक्षिक क्षेत्रसँग सम्बन्धित सम्पूर्ण व्यक्तिहरूले आ–आफ्नो आवश्यकता अनुसार उपयोग गर्न सक्छन् । सर्वप्रथम प्रस्तुत अनुसन्धानबाट पत्ता लगाउन सहयोग गर्ने छन् । पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण गर्दा सम्बन्धित व्यक्ति तथा संस्थालाई विद्यार्थीको स्तर, क्षमता, रुचि र आवश्यकतालाई प्रमुख आधार बनाउनुपर्ने कुरामा यस अनुसन्धानले सचेत गराउने छ । नीति निर्माता कार्यान्वयन पक्ष, उपयोगकर्ता तथा सम्बन्धित क्षेत्रका सम्पूर्ण सरोकारवालालाई दुवै पाठ्यपुस्तकका भौतिक र प्राज्ञिक पक्षहरूको जानकारी गराइ दुवै पाठ्यपुस्तकका बारेमा धारणा स्पष्ट पार्ने छ । प्रस्तुत विषयमा अध्यय अध्यापन तथा अनुसन्धान गर्न चाहने भावी अनुसन्धाता, शिक्षक, विद्यार्थी बुद्धिजीवी, लेखक लगायत शैक्षिक क्षेत्रका सम्पूर्ण सरोकारवालाहरूलाई थप कार्यका लागि यस शोधकार्यले आधार प्रदान गर्ने छ र उनीहरूले विभिन्न प्रयोजनाका लागि आ-आफ्नो क्षेत्रमा यस शोधको उपयोग गर्न सकिने छ ।

### ५.३.१ नीति निर्माण तह

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह दोस्रो वर्ष नेपा.शि. पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **कक्षा छको नेपाली र वैखरीको तुलना** शीर्षकमा गरिएको अनुसन्धानमा दुवै पाठ्यपुस्तकहरू हाल दुवै तह र कक्षामा कार्यान्वयन भइरहेकाले दुवै पाठ्यपुस्तकमा भेटिएका कमीकमजोरीहरू सुधार गर्न र सबल पक्षहरूलाई मनन गरी अरू प्रभावकारी बनाउन नीति निर्माण तह पाठ्यपुस्तकलाई उपयुक्त किसिमले प्रयोग गर्न कार्यान्वयन तह र पाठ्यपुस्तकका क्षेत्रमा थप अनुसन्धान गर्न चाहने भावी अनुसन्धाता लगायत सम्पूर्ण सरोकारवालाहरूलाई यहाँ दिइने सुझावहरूले केही न केही मार्गनिर्देशन गर्न सक्ने छ । प्रस्तुत अनुसन्धानबाट प्राप्त निष्कर्ष अनुसार निम्न सुझावहरू दिन उपयुक्त रहेको देखिन्छ :

क) पाठ्यक्रमका राष्ट्रिय उद्देश्य पूरा गर्ने खालका हुनुपर्ने

ख) पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिनुपर्ने

ग) शिक्षा पद्धतिलाई समान बनाउन एउटै पाठ्यपुस्तक दुवैतिर लागु गर्नुपर्ने

घ) नेपाली परिवेश अनुकूल भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक सहिष्णुता विकास गर्न सहयोग पुऱ्याउने विषयवस्तुहरू विभिन्न विधाहरूमा समावेश गर्नुपर्ने

ङ) भाषा पाठ्यपुस्तकको मर्म र भावना अनुसार चारवटै भाषिक सीपको समान विकास हुने क्रियाकलापहरू राख्नुपर्ने

च) चारवटै भाषिक सीपको समान विकास हुने शिक्षण सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र सन्दर्भ सामग्रीका बारेमा शिक्षकलाई स्पष्ट निर्देशन दिनुपर्ने

छ) नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट विधा तथा विषयवस्तुले नेपाल र नेपालीप्रति सम्मान तथा गौरव गर्ने नेपाली भाषाप्रति उच्च भावना विकसित गर्नुपर्ने

ज) पाठ्यपुस्तकको उपयुक्त छनोट, स्तरण र प्रस्तुतीकरण गर्नुपर्ने

झ) पाठ्यपुस्तकलाई सर्वसुलभ बनाउन पाठ्यपुस्तक छपाइ र वितरणका लागि आवश्यक पर्ने रणनीति तय गर्नुपर्ने

ञ) भाषा पाठ्यपुस्तकका भौतिक र प्राज्ञिक पक्षको निश्चित मापदण्ड पूरा गरेको पाठ्यपुस्तकलाई मात्र पठनपाठनका लागि स्वीकृति र अनुमति दिएर गुस्तरीय पाठ्यपुस्तक तयार गर्नुपर्ने

ट) पूर्वपठनका क्रममा कठिन शब्द उच्चारणलाई मूल भागमा भन्दा अगाडि समावेश गरिनु पर्ने

### ५.३.२ कार्यान्वयन तह

क) पाठ्यपुस्तक सर्वसुलभ तरिकाले सम्बन्धित क्षेत्र तथा व्यक्ति समक्ष पुऱ्याउनुपर्ने

ख) शिक्षण सिकाइका लागि शिक्षक विद्यार्थीका आवश्यकता अनुसार उचित वातावरण निर्माण गर्दै समातामूलक व्यवहार गर्नुपर्ने

ग) कार्यमूलक तथा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ गर्नुपर्ने

घ) सम्बन्धित निकायले कार्यान्वयनको समय समयमा अनुगमन गर्नुपर्ने

ङ) विद्यालय तथा घरमा बालमैत्री वातावरण निर्माण गर्नुपर्ने

च) पाठ्यपुस्तकलाई सहयोग गर्ने विभिन्न सहकार्यकलाप र अतिरिक्त कार्यक्रम सञ्चालन गर्नुपर्ने

छ) विभिन्न शैक्षिक सामग्री तथा सन्दर्भ सामग्रीहरूको प्रयोगद्वारा शिक्षण रुचिपूर्ण बनाउनुर्ने

ज) पाठ्यपुस्तकको उपयोग तथा सिकाइका कमीकमजोरी सम्बन्धमा जानकारी तथा सचेतना विकास गर्न शिक्षक, अभिभावक र विद्यार्थीबीच त्रिपक्षीय छलफल अन्तरक्रिया तथा गोष्ठी सञ्चालन गर्नुपर्ने

झ) पाठ्यपुस्तक परिमार्जन गर्नु परेको भए त्यसको शिक्षण तथा प्रयोगको सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी गराउनु पर्ने

ञ) नेपाली भाषा पाठ्यपुस्तक तथा शिक्षणका माध्यमबाट विद्यार्थीहरूलाई नेपाल र नेपाली भाषाप्रति सम्मान तथा गौरव गर्ने र नेपाली भाषाप्रति रुचि जगाउने वातावरण शिक्षक, अभिभावक तथा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूले निर्माण गर्नुपर्ने

ट) विभिन्न शैक्षिक सामाग्री तथा सन्दर्भ सामग्रीहरूको प्रयोगद्वारा शिक्षण रुचिपूर्ण बनाउनुपर्ने

ठ) पाठ्यपुस्तकलाई सहयोग गर्ने विभिन्न सहकार्यकलाप र अतिरिक्त कार्यक्रम सञ्चालन गर्नुपर्ने

## ५.३.३ भावी अनुसन्धान सम्भावित शीर्षक

कक्षा छको नेपाली र वैखरी भाषा पाठ्यपुस्तकमा अध्ययन अनुसन्धान गर्न बाँकी रहेका र यस अध्ययनमा समेट्न नसकिएका भावी अनुसन्धानका सम्भावित शीर्षकहरू निम्नअनुसार रहेका छन् :

क) कक्षा छको नेपाली र वैखरीका कथा विधाको अध्ययन ।

ख) छनोट र स्तरणका आधारमा कक्षा छको नेपाली र वैखरीको अध्ययन ।

ग) कक्षा छको नेपाली र वैखरीमा प्रयुक्त कविता विधाको विश्लेषण ।

घ) भाषिक सीप सन्तुलनका दृष्टिले कक्षा छको नेपाली र वैखरीको अध्ययन ।

ङ) भाषिक संरचनाका आधारमा नेपाली र वैखरीको अध्ययन ।

# सन्दर्भसामग्री


अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०४०), **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा केदारप्रसाद (२०६५), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

**आधारभूत शिक्षा पाठ्यक्रम** (२०६९), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

काफ्ले, लक्ष्मी (२०७२), **कक्षा सातको नेपाली र रसिलो नेपालीको तुलना**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापाः नेपाली भाषा शिक्षण विभाग ।

कोइराला, रूपक (२०६५), **कक्षा दुईको सजिलो नेपालीमाला, नयाँ नेपाली शृङ्खला र हाम्रो नेपाली भाषापाठ्यपुस्तकको तुलनात्मक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, त्रिभुवन क्याम्पस, कीर्तिपुर ।

खनाल, पेशल (२०६१), **शैक्षिक अनुसन्धान पद्धति** (दो.सं.), काठमाडौं : स्टुडेण्ट बुक्स एन्ड पब्लिकेशन एण्ड डिस्टिब्युटर्स ।

ढकाल, शान्तिप्रसाद (२०६५), **भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति**, काठमाडौंः अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६३), **प्रायोगिक भाषाविज्ञान**, काठमाडौं : एम.के. पब्लिसर्स ।

पोखरेल, बालकृष्ण र अन्य (२०५८), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नेत्रप्रसाद (२०६६), **नेपाली भाषाशिक्षण**, काठमाडौं : पैरवी प्रकाशन ।

बराल, मदनराज (२०६१), **कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस, ताहचल ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि, घिमिरे तुलसीराम र नेपाल शक्तिराज (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, ओझा रामनाथ, सुवेदी सखिशरण र सुवेदी अर्जुनप्रसाद (२०६८), **नेपाली भाषाशिक्षण**, काठमाडौं : पिनाकल पब्लिकेशन प्रा.लि. ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), **नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल माधवप्रसाद (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण,** काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

सुवेदी, टीकाराम (२०६०), **कक्षा पाँचको मेरो नेपाली किताब र सजिलो नेपालीमालाको तुलनात्मक अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर ।

# व्यक्तिगत विवरण



नाम : डिल्लीराम चम्लागाई

जन्म स्थान : हिलिहाङ गाउँपालिका वडा नं. ४, पाँचथर

बुबा : खेमनाथ चम्लागाई

आमा : लीलामाया चम्लागाई

लिङ्ग : पुरुष

पत्नी : कुसुम उप्रेती

कर्मस्थान : बिर्तामोड नगरपालिका वडा नं. ७, झापा

राष्ट्रियता : नेपाली

रुचि : शिक्षण, अध्ययन, अनुसन्धान, भ्रमण

सर्म्पक नं. : ९८४२७१३७१४

| तह | शिक्षण संस्था | श्रेणी |
|---|---|---|
| प्रा.वि | श्री मझैटार नि.मा.वि<br>हिलिहाङ गाउँपालिका वडा नं. ४, पाँचथर | प्रथम |
| नि.मा.वि | श्री मझैटार नि.मा.वि<br>हिलिहाङ गाउँपालिका वडा नं. ४, पाँचथर | प्रथम |
| एस.एल.सी. | श्री अमरमुर मा.वि<br>हिलिहाङ गाउँपालिका वडा नं. २, पाँचथर | प्रथम |
| आई.एड. | पाँचथर बहुमुखी क्याम्पस<br>फिदिम नगरपालिका वडा नं. ४, पाँचथर | दोस्रो |
| बि.एड. | पाँचथर बहुमुखी क्याम्पस<br>फिदिम नगरपालिका वडा नं. ४, पाँचथर | दोस्रो |
| एम.एड. | पाँचथर बहुमुखी क्याम्पस<br>फिदिम नगरपालिका वडा नं. ४, पाँचथर | अध्ययनरत |